# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

कुनै पनि देशको सार्वभौम सिमानाभन्दा बाहिरको रोजगारीको अवसरलाई वैदेशिक रोजगार भनिन्छ । वर्तमान विश्व परिवेशमा विकसित भएको आर्थिक उदारिकरण र विश्वव्यापारीकरणको मान्यताले वैदेशिक रोजगारीको अवसरलाई विश्वव्यापी नै बनाइदिएको छ । वर्तमान समयमा सामाजिक आर्थिक रुपान्तरणको एक सशक्त माध्यमको रुपमा विदेशी रोजगारीले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालको सन्दर्भमा भने वैदेशिक रोजगारीको मुद्दा कुनै नौलो होइन (उपाध्याय, २०७१) ।

विप्रेषण भन्नाले देशको सिमाना नाघेर अर्को देशमा गएर काम गरी आर्जन गरेको आय आफ्नो देशमा आफ्नो परिवारलाइ पठाएको रकम भन्ने वुझिन्छ । "Remmittance is about the transfer of money by migrant worker.For a payment sent by a customer to a business, see Remmitances man. A Remittance advice. For an allowance sent to an exiled person on condition that they do not return home, see remittance man. A Remttance is a transfer of money by a foregn worker to an individual is his or her home countrys. Money sent home by migrant cometes with international aid as one of the largest financial inflows to developing countries." वैदेशिक रोजगार भन्नाले श्रमको निश्चित मुल्यको आसा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गई विभिन्न क्षेत्रमा श्रमको उपयोग गर्ने विधिलाई वैदेशिक रोजगार भनिन्छ (पण्डित, २०५७) ।

वैदेशिक रोजगारी भन्ने शब्द हाल आएर समाजमा ब्यापकता पाउदै गएको छ । हाल बढ्दै गईरहेको विश्वब्यापीकरण, खुल्ला आर्थिक ब्यवस्थामा श्रमको आदन प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातवाट उब्जिएको यो शब्द कुनै पनि देशको परिधि नाघेर अको देशमा जानु र श्रमको मुल्य लिनु वैदेशिक रोजगारको सरल परिभाषा हो । नेपालको सन्दर्भमा पनि कामको शिलशिलामा स्थानान्तरण वा आफ्नो ठाउँ छोडेर अन्यत्र जाने गरेको कुरा इतिहासमा धेरै मात्रामा धेरै मात्रामा प्रमाणहरू पाइन्छ (पण्डित, २०५६) ।

नेपालीहरूको प्रमुख पेशा कृषि र कृषिमा वर्ष दिन काम गरे पनि खान पुग्ने अवस्था विद्यमान छ भने अर्कोतिर रोजगारीको अवसरको अभावले गर्दा १७/१८ वर्ष देखि ४०/४५ वर्ष सम्मका उत्पादनशील युवाहरू वेरोजगारी कारणले खाली हात वस्नु परेको छ । यि युवाहरूको रोजगारीको एकमात्र विकल्प वैदेशिक रोजगार भएकोले वर्तमान समयमा नेपाली युवाहरू जाने आउने गरेको पाइन्छ (शर्मा, २०६२) ।

नेपालमा रोजगार प्रवर्द्धनका लागि सरकारी स्तरवाट अनुकुल वातावरणको सिर्जना कार्य वि.स. २०२८ सालमा श्रम विभागको स्थापना सँगै शुरु भएको हो । तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत स्थापित श्रम विभागवाट कारखानामा निरिक्षण र श्रम विवाद समाधान केन्दित रहदा विभागको कार्य क्षेत्र आन्तरीक श्रमशक्तिको व्यवस्थापन गर्नमा मात्र सीमित रहेको थियो । समयको विकास कमसगैं देश भित्रको श्रम शक्तिको वैदेशिक रोजगारीमा जाने श्रम शुरु भएपछि नेपाल सरकारबाट वैदेशिक रोजगार ऐन, २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्य क्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम गरियो । यसै क्रममा विभागले गर्दै आएको वैदेशिक रोजगार सम्बन्धि कार्यको जटिलता र वढ्दो कार्य वोझलाई सम्वोधन गरी समसामयिक सुधार ल्याइएको वैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था अनुरुप श्रम विभागवाट अलग गरी २०६५ पुष १६ गते वैदेशिक रोजगार विभाग स्थापना भयो (वैदेशिक रोजगार विभाग, २०७०

नेपालको लागि वैदेशिक रोजगार अहिले आम नेपाली नागरिकहरुलाई अपरिहार्य जस्तै बनेको छ । चाहे शिक्षित हुन वा अशिक्षित दुवै प्रकारका युवाहरु विदेशिने क्रम बढ्दो माधामा छ । अशिक्षित र अर्घ शिक्षित युवाहरुका लागि अहिले रोजगारीको गन्तव्य स्थलहरुको यो कम १८१४/१५ देखि सुरु भएको इतिहासले देखाउँछ त्यति बेला नेपाली युवाहरु बेलायती सेना अन्तर्गत गोरर्खा रेजिमेन्टको नाउम्मा युद्ध लड्न गएका थिए । अरेवियन मूलुकमा भने रोजगारीका लागि नेपालीहरु आजभन्दा झण्डै ३५ वर्ष पहिले देखि गएको देखिन्छ । हाल दैनिक १५ सय देखि १८ सय यूवाहरु वैदेशिक रोजगारीमा जाने गरेको तथ्याङ्क बाहिर आउने गरेको छ । राष्ट्र निर्माणका लागि चाहिने यति ठूलो यूवा शक्ति विदेश पलायन हुँदा पनि सरकारले खासै यस समस्याको समाधान गर्न सकिरहेको छैन (नेपाल, २०६९) ।

कुनै पनि व्यक्ति र परिवारको आर्थिक अवस्थाले उनिहरुको बालबालिकाको शैक्षिक अवस्थामा प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ भनी बताएका छन् । त्यसैगरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुले प्राप्त गर्ने विप्रेषणले पनि उनीहरका बाल बालिकाहरुको शिक्षा क्षेत्रमा प्रभाव पार्ने गरेको पाइन्छ । आर्थिक अवस्था कमजोर भएकै कारणले युवाहरु वैदेशिक रोजगारमा जाने गर्दछन् । कुनै पनि व्यक्तिको चलअचल सम्पत्ति, उपभोग, उत्पादन र आय नै त्यस व्यक्तिको आर्थिक अवस्था हो । आर्थिक अवस्था सँग सँगै शैक्षिक अवसथा पनि जोडिएर आउने गर्दछ । ग्रामिण क्षेत्रमा आर्थिक अवस्था बलियो हुनेहरुले आफ्नो बालगुणस्रीय शिक्षा प्रदान गरिरहेका हुदैनन् । बाल बालिकाहरुको सिल स्वभाव क्षमता शिक्षा हाँसिल गर्ने संस्था आदि उनीहरुको शैक्षिक अवस्था सुधार वा परिवर्नत गर्नका लागि अभिभावकहरुको सोचाई र आर्थिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (सिटौला, २०६८) ।

विश्वव्यापीकरणको महोलसँगै सूचना र प्रविधिले फड्को मारेको यो अवस्थामा आज प्रत्येक नेपालीहरुलाई पनि आफ्नो बाल बालिकाहरुको भविष्यप्रति चासोको विषय बनेको छ । सुचना र प्रविधिसँग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरुलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गइरहेको छ । यसमा बेरोजगारी तथा अवसरको कमिले गर्दा बालबालिकाहरु प्रीतको दाइत्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज बन्दै गइरहेको छ । यद्यपी बैदेशिक रोजगारीको आम्दानीको उनीहरुको बालबालिकाको शैक्षिक स्थितिमा सुधार देखा परेको छ कि छैन यस विषयमा यथार्थ जानकारी हाँसिल गर्न यस शोधमा प्रयोग गरिएको छ (रेग्मी, २०६९) ।

देशको अर्थतन्त्रलाई क्रियाशील बनाउनुमा आय तथा रोजगारीको महत्त्वपूर्ण भूमिका रहन्छ । यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा हाल वैदेशिक रोजगारीको योगदान सबैभन्दा बढी रहेको छ । देश भित्र पर्याप्त रोजगारीका अवसरहरु उपलब्ध नभइरहेको वर्तमान अवस्थामा वैदेशिक रोजगारी नै नेपाली युवा जनशक्तिको लागि रोजगारीको प्रमुख स्रोत बन्न गएको छ । विगत दर्शकदेखि वैदेशिक रोजगारीका लागि देश छोड्ने व्यक्तिहरुमको संख्या प्रति वर्ष बढिरहेको छ । यसरी वैदेशिक रोजगारीमा जानेहरुको संख्या आर्थिक वर्ष २०६७/०६८ मा ३, ३४,७१६ जना रहेकोमा करिब ८ प्रतिशतले वृद्धि भई आ.व. २०६८/०६९ को दोश्रो चौमासिक सम्ममा विदेशमा जानेहरुको संख्या २,५०,१७५ जना पुगेको छ । गत आ.व. मा

विदेशमा काम गर्न जाने व्यक्तिहरु बाट विप्रषणको रुपमा रु ३३००९ अर्व भित्रिएको छ । उक्त रकम कुल ग्राहस्थ उत्पादनको २१.२ प्रतिशत हुने तथ्य आर्थिक सर्वेक्षण २०६८/०६९ मा उल्लेख भएको छ (वैदेशिक रोजगार विभाग, २०६८) ।

हाम्रो देश नेपाल आर्थिक दृष्टिकोणले पछिडिएको विकासोन्मुख राष्ट्रहरू मध्येको एक हो । प्राकृतिक स्रोत र साधनको सम्पन्नता भएतापनि प्राविधिक ज्ञान र सदुपयोगको अभावमा नेपाल अल्पविकसित राष्ट्रको रूपमा परिचित छ । नेपालमा प्राकृतिक साधन र स्रोतहरू प्रचुर मात्रामा हुँदाहुँदै पनि वैज्ञानिक कृषि प्रणाली, दक्ष जनशक्ति, औद्योगिक विकास आदि हुन नसकेको कारणले गर्दा नेपाल गरिबीको चपेटामा मात्र नभएर यहाँ बेरोजगारीले जरा गाडेको छ ।

वर्तमान नेपालको जनसङ्ख्या २,६४,९४,५०४ जनामा उक्त जनसङ्ख्याको प्रमुख पेशा कृषि र कृषिमा वर्षदिन काम गरे पनि खान पुग्ने ६४ प्रतिशत मानिसको अवस्था विद्यमान छ (Central Bereau and Statistics) भने अर्कोतिर रोजगारको अवसरले गर्दा १६-१८ वर्ष देखि ४०-४५ वर्ष उमेर सम्मका उत्पादनशिल युवाहरू बेरोजगारीका कारणले खालि हात बस्नु परेको छ । युवाहरूको रोजगारको एक मात्र विकल्प बैदेशिक रोजगारी भएकोले वर्तमान समयमा नेपाली युवाहरू विदेश तिर जानु पर्ने बाध्यता रहेको छ । यस परिपेक्ष्यमा विकासउन्मुख मुलुकहरूले सस्तो र धेरै श्रम बिदेशमा पठाएर विविध किसिमका आर्थिक समस्या सहन बाध्य भएका छन् । नेपालका वर्तमान समस्या अधिकांश युवा मलेशिया, कतार, दुबई, साउदी अरब, कुवेत लगायतका खाडी मुलुकमा रोजगारीको लागि दिनानुदिन जानेको सङ्ख्या बढिरहेको छ ।

नेपालमा वि.सं. २०२८ मा श्रम विभागको स्थापना सँगै बैदेशिक रोजगार प्रवर्धनका लागि सरकारी स्तरबाट अनुकुल वातावरणको सृजना गर्ने कार्य सुरु भएको थियो । तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत स्थापित श्रम विभाग कारखाना निरीक्षण र श्रम विवाद समाधानमा केन्द्रित थियो सो विभागको कार्य क्षेत्र आन्तरिक श्रम शक्तिको व्यवस्थापन गर्नमा मात्र सिमित रहेको थियो । समयको विकासक्रम सँगै देश भित्रको श्रम शक्ति बैदेशिक रोजगारमा जाने क्रम सुरु भए पछि नेपाल सरकारबाट बैदेशिक रोजगार ऐन २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्यक्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रबर्द्धन विभाग कायम गरियो । त्यसपछि श्रम स्वीकृति लिएर बिदेश जानेको

सङ्ख्या २०७०/०७१ सम्ममा जम्मा ३४,४६,४२४ पुगेको पाईन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०६९) ।

कुनै पनि व्यक्ति र परिवारको आर्थिक अवस्थाले उनिहरूको बालबालिकाहरूको शैक्षिक अवस्थामा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ भनी वताएका छन् । त्यसैगरी बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले प्राप्त गर्ने विप्रेषणले पनि उनीहरूका बालबालिकाहरूको शिक्षा क्षेत्रमा प्रभाव पार्ने गरेको पाईन्छ । आर्थिक अवस्था कमजोर भएकै कारणले युवाहरू बैदेशिक रोजगारमा जाने गर्दछन् । कुनै पनि व्यक्तिको चलअचल सम्पत्ति, उपभोग, उत्पादन र आय नै त्यस व्यक्तिको आर्थिक अवस्था हो । आर्थिक अवस्था सँगसँगै शैक्षिक अवस्था पनि जोडिएर आउने गर्दछ । ग्रामिण क्षेत्रमा आर्थिक अवस्था बलियो हुनेहरूले आफ्ना बालबालिकाहरूको शिक्षा क्षेत्रमा प्रसस्त मात्रामा लगानी गरी गुणस्तरीय शिक्षा प्रदान गरिएका हुँदैनन् । बालबालिकाहरूको सिल स्वभाव क्षमता शिक्षा हाँसिल गर्ने संस्था आदि उनीहरूको शैक्षिक अवस्था सुधार वा परिवर्तन गर्नका लागि अभिभावकहरूको सोचाई र आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ (सिटौला, २०६८) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपालको पछिल्लो जनगणना अनुसार नेपालको जनसंख्या लगभग तीन करोड पुगी सकेको छ र समयको साथसाथै युवा वेरोजगारीहरु बढ्ने क्रम पनि जारी छ । अशिक्षित बेरोजगारीको अवसर नुहुँदा शिक्षित बेरोजगारहरुको संख्या पनि त्यतिकै छ । विभिन्न क्षेत्रमा शिक्षा प्रदान गर्नु निजी तथा सरकारी कलेजहरु शैक्षिक वेरोजगारहरु उन्त्पादन गर्ने उद्योग मात्र बनेका छन् । यसरी शिक्षित अशिक्षित यूवा वेरोजगारहरुको रोजगारी प्राप्त गर्ने वैकल्पिक मार्ग वैदेशिक रोजगार नै वनेको छ । वर्तमान समयमा नेपालको परिपेक्षमा विप्रेषणबाट प्राप्त आयलाई अर्थपूर्ण रुपमा र अर्थपूर्ण क्षेत्रमा उपयोग गर्न सकिएमा आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा समेत राम्रो गर्न सकिन्छ । विदेशका विभिन्न ठाउँमा र क्षेत्रमा काम गरी सिकेको सिपलाई फर्केर आफ्नै भूमिका सदुपयोग गर्न सकेको खण्डमा नयाँ नेपाल निर्माणमा पक्कै पनि नयाँ उर्जाको भूमिका निभाउने थियो ।

यसरी वैदेशि रोजगारबाट प्राप्त विद्रेषठाले हाम्रो परिवार, समाज र राष्ट्रलाई पनि सकारात्मक दिशा तर्फ दोऱ्याउन महत्वपूर्ण भूमिका खेलेको हुनाले यसै वैदेशिक रोजगारीको

पृष्ठ भूमिमा यस अध्ययनको कथन वैदेशिक रोजगारीबाट प्राप्त विद्रेषणले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको अध्ययन रहेको र अध्ययन क्षेत्र थुमी गा.वि.स. गोरखा रहेको छ । वैदेशिक रोजगारी स्वदेशमा वेरोजगार तथा अवसरमा विकल्पको रुपमा वर्तमान समयमा स्थापित भइसकेको छ । सामान्य पढेलेखेको तथा उच्च शिक्षा गरेको दक्ष जनशक्तिको समेत आम्दानीको प्रमुख स्रोतको रुपमा देखिएको छ । विश्वब्यापिकरणको माहोल सगैं सुचना र प्रविधिले फड्को मारिरहेको यो अवस्थामा आज प्रत्येक नेपालीहरूलाई पनि आफ्नो बालबालिकाको भविष्य प्रति चासोको विषय बनेको छ । सुचना र प्रविधिसग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरूलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गइरहेको छ । चरम वेरोजगारी तथा अवसरको कमिले गर्दा बालबालिकाहरूको दायित्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज वन्दै गइरहेको छ ( रेग्मी, २०६५) ।

अहिलेको समयमा नेपालबाट शिक्षित वा माथिलो स्तरका प्राविधिक ज्ञान हासिल गरेका युवाहरू विदेश पलायन हुने गर्दछन् भने यस देखि बाहेक देशमा रहेका सामान्य शिक्षा प्राप्त गरेका अशिक्षित युवाहरू समेत वैदेशिक रोजगारका लागि जाने क्रम तिब्र गतिमा बढिरहेको छ । यसमा पनि न्यूनतम सामान्य आर्थिक अवस्था भएको युवायुवतीहरू आफ्नो देश तथा गाउँ, घरपरिवारलाई छोडेर विदेशिन बाध्य हुनु परेको छ । र यस्तो कार्य तिव्र रुपमा बढिरहेको छ । त्यसैले नेपाल गाउँ नै गाउँले भरिएको राष्ट्र भएको हुदाँ नेपालको धेरैजसो ग्रमिण क्षेत्रमा युवायुवतीहरू कम मात्रामा रहेको पाइन्छ । ग्रमिण क्षेत्रका युवा पुस्ताहरू धेरैजसो वैदेशिक रोजगारमा गएको अवस्था छ । अहिले नेपालको स्थिती यस्तो भैसकेको छ की शिक्षक, कर्मचारी, बुढाबुढी, बालबालिका तथा अशक्त व्यक्तिहरू भन्दा अरु युवाहरू गाउँमा विया भेटिएजस्तै भइसकेको छ । आफ्ना सम्पूर्ण घरपरिवार, पढाई, समाज, पढाई, साथिसंगी तथा राष्ट्रलाई छाडेर युवाहरू वैदेशिक रोजगारीका लागि विभिन्न खाडी राष्ट्रमा जान्छन् । ती वैदेशिक रोजगारीबाट प्राप्त आयले युवाहरूको घरपरिवारको आर्थिक तथा शैक्षिक स्थितीमा कस्तो प्रभाव परेको छ ? विप्रेषणबाट प्राप्त आम्दानी कहाँ लगानी भएको छ ? लगानीबाट प्रतिफल कति प्राप्त भएको छ ? बालबालिकाको पढाईमा सकारात्मक प्रभाव परेको छ वा छैन ? सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ? आदि विषयबस्तुको खोज अनुसन्धान गरी निष्कर्ष निकालेर रोजगारीमा अपनाउनुपर्ने सहजता र ठोस सुझाब दिनु अध्ययनको उद्देश्य रहेको छ ?

बर्तमान समयमा पनि नेपाली युवाले रोजगारी नपाउनु नै अहिलेको नेपालमा देखिएको एउटा गम्भिर समस्या हो । हिमाल, पहाड र तराईमा प्रसस्त मात्रामा पुर्वाधार विकास हुन नसक्नु नै बेरोजगारी उत्पन्न हुनु हो । साथै ग्रमिण क्षेत्रमा देखा परेका यस्ता पुर्वाधारको कमि र बढी बेरोजगारी देखा परेकोले ग्रामिण अर्थतन्त्रलाई माथि उकास्न, बेरोजगारी, गरिबीलाई हटाउन वैदेशिक रोजगारले राम्रो भुमिका खेल्दछ । त्यसैले वैदेशिक रोजगार नेपाल अर्थतन्त्रको विकासमा प्रमुख माध्यम भएकोले यस अध्ययनले खोज अनुसन्धान समाजमा विद्यमान सकारात्मक र नकारात्मक प्रभावको सम्बन्धमा ठोस सल्लाह, सुझाब र निष्कर्ष अध्ययनको प्रमुख पक्ष रहेको छ ।

वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रो नै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा रहदा आम्दानी सबै बालबालिकाहरको पढाइमा तथा विभिन्न वस्तुहरूको उपयोगमै सकिन्छ भन्ने हुदैन । विभिन्न किसिमको उत्पादनमुलक क्षेत्रमा लगाएर थप गरिरहेको हुन सक्छ । यस सोधमा उक्त आम्दानी उत्पादन मुलक क्षेत्रमा लगाइएको छ अथवा छैन भनी यर्थाथमा पनि पत्ता लगाउन खोजिएको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective of Study)

यस अध्ययनको साधारण उद्देश्य गोरखा जिल्ला थुमी गा.वि.स. मा वैदेशिक रोजगारीले यसमा संलग्न युवाहरुको आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव विश्लेषण गर्न रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् ।

१. वैदेशिक रोजगारले पारिवारिक आर्थिक क्षेत्रमा परेको प्रभाव विश्लेषण गर्नु ।
२. वैदेशिक रोजगारले पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्नु ।
३. वैदेशिक रोजगारमा जानु पर्ने कारण पत्ता लगाउनु ।

## १.४ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनमा गोरखा जिल्ला थुमी गा.वि.स मा रहेका वैदेशिक रोजगारीमा संलग्न युवाहरुको शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव कस्तो रहेको छ भन्ने कुरालाई आधार मानि निम्न लिखित प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. वैदेशिक रोजगारीको वर्तमान अवस्था कस्तो रहेको छ ?

२. गोरखा जिल्ला थुमी गा.वि.स. भित्र रहेका वैदेशिक रोजगारीमा संलग्न युवाहरुको आर्थिक अवस्था कस्तो रहेको छ ?

३. वैदेशिक रोजगारी जाने युवाहरुको शैक्षिक अवस्था कस्तो रहेको छ ?

४. वैदेशिक रोजगारीमा जाने युवाहरुको सामाजिक अवस्था कस्तो छ?

५. वैदेशिक रोजगारीमा जाने युवाहरुले भोग्नु परेका समस्याहरु के के रहेको छन्?

## १.५ अध्ययनको महत्त्व (Significant of the Study)

वैदेशिक रोजगारले गर्दा यसमा आवद्ध युवाहरुको शैक्षिक र आर्थिक अवस्था उनीहरुको बालबालिकहरुको शैक्षिक अवस्थाको अध्ययन गर्न यो शीर्षक छनोट गरिको छ । गोरखा जिल्लाको थुमी गा.वि.स.का युवाहरु विदेश गएपछि उनीहरुको आर्थिक अवस्था, शैक्षिक अवस्था, उनीहरुको बालबालिकाको शैक्षिक अवस्थामा कस्तो परिवर्तन आएको छ? शिक्षा र सिपमुलक तालिम लिएर बैदेशिक रोजगारमा गएका र अशिक्षित र सीप बिना नै वैदेशिक रोजगारमा गएका युवाहरुको आयको प्रकृति र कामको प्रवृत्तिको बारेमा तुलनात्मक विश्लेषण गरी निष्कर्ष निकाल्दा आगामी समयमा विदेशीने युवालाई ज्ञान प्रदान गर्न यस अध्ययनको महत्त्व हुनेछ । अहिलेको परिप्रेक्षयमा विदेश नगएका परिवारका सदस्यहरु विरलै होलान् । यस्तो स्थितिमा विभिन्न संघ संस्थालाई अनुसन्धान गर्न, नीति निमार्ण तहमा वैदेशिक रोजगारीमा जाने युवाहरुको अवस्था ज्ञान गराउन पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

वैदेशिक रोजगारका अवसरहरु तथा यसमा आइपर्ने विभिन्न प्रकारका समस्याहरु समाधान गर्न, नीति निर्माण तहबाटै विशेष प्रकारको कदम चाल्न यस अध्ययनको महत्व हुने आशा गरिएकोछ । यस अध्ययनले विदेश पलायन हुनुपर्ने कारणहरुको पनि खोजी गर्ने हुनाले यस अध्ययनको महत्त्वपूर्ण भूमिका हुने आशा लिइएको छ । यस अध्ययनमा वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरु, वैदेशिक रोजगारीका कारण उनीहरुको जीवनशैलीमा आएको परिवर्तन, उपयोगको ढाचाँमा आएको परिवर्तन, उनीहरुका बालबालिकाको शक्षिक क्षेत्रमा पारेको प्रभाव वैदेशिक रोजगारीको प्रकृया आदि पक्षमा खोजी गरि लिपिवद्ध गरिएको छ ।

त्यसैले यस अध्ययनको निम्नानुसार महत्व छ ।

१. वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षको जानकारी दिन ।

२. वैदेशिक रोजगारीका समस्याहरुको वारेमा सरोकारवालामा जानकारी दिन ।

३. सरकारले वैदेशिक रोजगारी सम्बन्धी अपनाउनु पर्ने सावधानिहरुको जानकारी दिन ।

४. वैदेशिक रोजगारका क्षेत्रमा अध्ययन गर्न चाहनेहरुका लागी मार्ग प्रशस्त गर्न ।

५. नीति निर्माण कर्तालाई कर्तालाई नीति निमार्णमा सहयोग पुऱ्याउनु ।

## १.६ अध्ययनको सीमाहरु (Limitation of the Study)

अनुसन्धान आफैमा एक जटिल महत्त्वपूर्ण, धरै समय, श्रम र आर्थिक पक्षको आवश्यकता पर्ने कार्य हो । तसर्थ तोकिएको शीर्षकको सम्पूर्ण पक्षलाई अध्ययनमा समेट्न नसकिने हुँदा यसलाई निश्चित क्षेत्रमा निर्धारण गरी समीतिकरण गर्न आवश्यक छ । यस अध्ययन अनुसन्धानका रुपमा गोरखा जिल्लाको थुमी गा.वि.स. लाई अध्ययनको लागि संम्भावना युक्त नुमना छनौट विधि अपनाइएको छ । यस गा.वि.सका ९ वटा मध्ये वाड नं. ४, ५, ६, ७ र ८ लाई अध्ययन क्षेत्र भित्र राखिएको छ ।

१. यो अध्ययनलाई गोरखा जिल्ला थुमी गा.वि.स. मा मात्र सिमित गरिएको छ ।

२. यो अध्ययन थुमी गा.वि.स. मा रहेका ८ वटा वार्डहरु मध्ये वार्ड नं. ४, ५, ६, ७ र ८ मा रहेका वैदेशिक रोजगारीमा संलग्न युवाहरुमा मात्र सिमित रहेको छ ।

३. यस अध्ययनमा रोजगारीका लागि गएका देशहरु कतार दुवई, कुवेत, मलेसिया र साउदी अरवलाई मात्र समावेश गरिएको छ ।

४. यस अध्ययनमा अन्तरवार्ता र प्रश्नावलीको माध्यमबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तथ्याङ्कीय विधि, तालिका र प्रतिशतद्वारा विश्लेषण गरिएको छ ।

५. यस अध्ययनमा २०६६ देखी २०७० सम्म विदेशीएका युवाहरु र उनीहरुको परिवारहरुलाई मात्र समेटिएको छ ।

६. यस अध्ययन वैदेशिक रोजगारीका लागि संलग्न युवाहरुको आर्थिक तथा शैक्षिक अवस्थासँग मात्र सम्बन्धित रहेको छ ।

७. यस अध्ययनमा वैदेशिक रोजगारमा रहेका परिवारहरु मध्ये २०० घर परिवारलाई नमुनाको रुपमा लिइएको छ ।

## १.७ मुख्य शब्दावलीहरु (Main Vocabulary)

मुख्य शब्दावलहिरुलाई निम्न रुपमा परिभाषित गरिउको छ ।

| | | |
|---|---|---|
| **वैदेशिक रोजगारी** | - | अर्को देशमा काम गर्न जानु वा पैसा कमाउन जानु |
| **नियती** | - | वाध्यता |
| **विप्रेषण** | - | वैदेशिक रोजगारीबाट प्राप्त हुने आय |
| **नमुना** | - | ठूलो जनसंख्या बाट छनौट गरिएको प्रतिनिधिमूलक समूह |
| **जनसंख्या** | - | अनुसन्धानको लागि छनोट गरिएको सम्पूर्ण मानिस तथा वस्तुहरुको समूह |
| **वार्षिक** | - | आम्दानी एक वर्ष भरीमा प्राप्त गरेको अम्दानी |
| **वार्षिक खर्च** | - | एक वर्ष भित्रमा गरिएको खर्च |
| **गरिबी** | - | आफ्नो आघारभूत आवश्यकता पूरा गर्न नसक्ने अवस्थानै गरिबी हो । |
| **बेरोजगारी** | - | काम गर्ने इच्छा र चाहना हुदा हुदै पनि काम नपाइएको अवस्था । |

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिसएको छ । अध्याय एकमा परिचय, पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, अध्ययन सीमा, अनुसन्धान प्रश्न र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा पूर्व साहित्य पुनरावलाकेन राखिएको छ । अध्याय तीनमा अध्ययन विधि, अनुसन्धान ढाँचा, नमुना छनोट, तथ्याङ्का स्रोतहरु, तथ्याङ्क संकलन औजारहरु, तथ्याङ्कको विश्लेषण गरिएको छ । अध्याय चारमा अध्ययन गरिउको तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश निष्कर्ष र सुझावहरु राखिएको छ । त्यसपछि  अनुसूचिहरु तथा सन्दर्भ सूचीहरु राखिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणाहरु ढाँचा (Review of Related Literature and Conceptual Framework)

अनुसन्धान प्रस्तावनाको यस अध्यायमा अनुसन्धान विषयसँग सम्बन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित लेख रचना तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

भूसाल र ओझा, (२०६९) का अनुसार वैदेशिक रोजगार सेवा भन्नाले एक देशको काम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रुपमा काम गर्नु पर्ने भन्ने बुझिन्छ । अर्थात् किकासोन्मुख देशहरुबाट विकसित देश तर्फ र गैर अद्योगिक देशबाट अद्योगिक देशहरु तर्फ श्रम शक्तिको आपूर्ति हुनु भन्ने बुझिन्छ नेपाल वैदेशिक रोजगार भन्नाले भारत बाहिर काम गर्नु भन्ने बुझिन्छ ।

ज्ञावाली, (२०६८) का अनुसार वैदेशिक रोजगारीले नेपालीहरुको चुल्हो मात्रै बलेकोछन् कि शिक्षा स्वास्थ्य लगाएत को क्षेत्रमा समेत पहुँच पुऱ्याएको छ । विकास निर्माण का सन्साना गतिविधि देखि लिएर विवाह ब्रतबन्धमा समेत सहयोग गरेको छ । यतिमात्र नभै रेमिटेन्स् नेपालजस्तो राजनैतिक अस्थिरताले गाँजेको मुलुकका लागि बरदान सावित भएको छ । यसर्थ रेमिटेन्सका कारण बढेको कूल गाह्रास्थ उत्पादन र राष्ट्रिय उत्पादनको अनुपातमा हिसाब गरेर रमाउने जो कोहिले पनि नेपाली कामदारले पराई भूमिका चुहाएको पसिनाको मूल्य र तिनिहरुको अवस्थालाई भुलेर अगाडि बढ्नु नितान्त नराम्रो हो ।

लम्साल, (२०७१) का अनुसार सरकारले स्वदेशमा नै रोजगारीको अवसर उपलब्ध गराई विकासको आधारलाई भजवुत  बनाउनुको सट्टा युवा वर्गलाई वैदेशिक रोजगारीमा प्रोत्साहित गर्ने नीति लिएको पाइन्छ । वर्तमान समयमा हाम्रो अर्थतन्त्रको मुख्य आधार रेमिटेन्स बन्दै गएको छ । वैदेशिक रोजगारीका कारण आन्तरिक उत्पादन संयन्त्र अत्यान्तै कमजोर  हुन थालेको छ । GDP मा एक तिहाइ योगदान दिदैं आएको कृषि क्षेत्र अहिले आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । देशमा सञ्चालन हुदै आएको उद्योग व्यवसाय गर्ने

मजदुरको अभावमा धमाधम बन्द हुन थालेकाछन् । रेमिटेन्सबाट प्राप्त भएको रकम अनुत्पादक षेत्रमा खर्च गर्ने प्रवृत्तिले गर्दा मूल्य ८० प्रतिशत हिस्सा आयातबाट पूर्ति गर्नुपर्ने परिस्थिति सृजन हुदै गइरहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त आय आयतीत महँगमा विलासिताका वस्तुमा खर्च गरिने हुँदा व्यापार घाटा दिन प्रतिदिन बदिरहेको छ ।

पण्डित, (२०५७) का अनुसार एक अध्ययनमा विकासोन्मुख मुलुकहरुबाट विकसित मुलुकहरुमा वैदेशिक रोजगारी जाने कार्यले विदेशी मुद्राको आर्जन हुने प्रविधि हस्तान्तरण हुने र वेरोजगारी समस्या हल हुने हुँदा विश्व अर्थ व्यवस्था मा वैदेशिक रोजगारीको महत्त्वपूर्ण स्थान रहने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनमा दक्षिण एशियाली एवं सार्कको मुलुकहरुमा पनि वैदेशिक रोजगारी सेवाको महत्त्वपूर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरु मध्ये भारतको योगदान सबभन्दा धेरै र त्यसपछि कुमश पाशिस्तान, वंगलादेश, श्रीलंका र नेपाल पर्दछन् भनि उक्त अध्ययनमा उल्लेख गरिएको छ । उक्त अध्ययनमा वैदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पिक र अल्पकालिन रोजगारको माध्यमको रुपमा अवलम्बन गरिनुको साथै यसबाट नेपाली कामदारहरुले रोजगारी पाउने, विदेशी मुद्रा आर्जन हुने, प्रविधि आदान हुनु, जीवन स्तरमा सुधार आउने, व्यवसपन क्षमताको विकास हुने कुरा स्पष्ट पारिएको छ ।

श्रम मन्त्रालय, (२०६८) का अनुसार वैदेशिक रोजगारका अवसरहरु विस्तार हुदै गए पनि मुलुकभित्र बेरोजगारीको संख्या तिब्र तर रुपमा बढ्दै गएको तर उद्योग घन्दा एवम् विकास निमार्म्णको कायहरु अपेक्षाकृत वृद्धि भएको देखिदैन । यसबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा अत्याधिक वृद्धि भएको छ । हाल वैदेशिक रोजगारी विप्रेषणले मुलुकको राष्ट्रिय ग्राहर्स्थ उत्पादनमा करिब २३ प्रतिशत योगदान पुऱ्याएको छ ।

नेपाल राष्ट्र वैंक, (२०६२) का अनुसार विश्वमा मानव सभ्यताको विकासका साथ साथै मानव साधनहरुको आवतजावत तीव्र हुँदै गएको पाइन्छ । वाषफ इन्जिनको आविस्कार र औद्योगिक कान्तिले विशेष गरी पश्चिमी मूलुकको अर्थतन्त्रमा सकारात्मक असर पार्दै गयो र द्रुत रुपमा चलेको औद्योगिक करनका कारण पश्चिमी मूलुकहरुलाई श्रम शक्तिको अभावको पूर्ति प्रायः एशियाली, अफ्रिकी, ल्याटिन अमेरिका र यूरोपेली मूलुकहरुबाट हुन गयो । यसरी हेर्दा के पाइन्छ भने विकासको काहा नै अन्तराष्ट्रिय जगतमा श्रम र मानवीय शक्तिको ओसारपसार हुन गयो र यो प्रकृया यद्यपी चलिरहेको पाइन्छ । हाल विश्वका

वहुसंख्याक विकासोन्मुख मूलुकहरुको अर्थतन्त्र क्रमशः गिरावट आएको कारण गरिबी र वेरोजगारीको कारण पछि परेका र यसबाट उम्कने एउटा राम्रो माध्यमको रुपमा वैदेशिक रोजगारी देखिन आएको छ ।

शाह, (२०६९) का अनुसार वैदेशिक रोजगारबाट प्राप्त आयमा नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको कुरामा दुइमत छैन । तथापि यस माथिको अत्यधिक निर्भरता दीर्घकालको लागि प्रत्युत्पादक पनि बन्न सक्दछ भन्ने कुरालाई हामीले विर्सनु हुँदैन । किन भने कुनै समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको गलैचा र तयारी पोशाक आज घरायसी हुने अवस्थामा पुगेको तितो यर्थात हाम्रो सामु स्मरण नै रहेको छ । अन्तराष्ट्रिय श्रम बजारमा आपूर्ति पक्षको तुलनामा मात्र पक्षको भूमिका महत्वपूर्ण देखिन्छ । तसर्थ अन्तराष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको भाग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्दछ भन्ने तर्फ पनि उत्तिकै सजग हुनु आवश्यक देखिन्छ । आम्दानी (विप्रेषण) उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीको अवसरहरु सिर्जना गर्न वा स्वरोजगारलाई प्रोत्साहन दिन सकियो भने मात्र दिगो आर्थिक विकासको अपेक्षा गर्न सकिन्छ ।

विश्व बैंक, (२०१२) काअनुसार विकासोन्मुख मूलुकमा २०१२ मा वैद्यातिक तथ्याङकको रेमिट्यान्स आप्रवाह ४ खर्व १ अर्व अमेरिकी डलर पुगेको छ । जून अघिल्लो वर्षको भन्दा ५ दशमलब ३ प्रतिशत बढी हो । २०१३ देखि २०१५ सम्म यी मूलुकमा रेमिट्यान्सको आप्रवाह ८ प्रतिशतले बद्ने अनुमान बैंकको छ । बृद्धि पनि यो २०१५ मा ५ खर्ब १५ अर्व अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । अमेरिकामा अप्रवासी कामदारका लागि रोजगारीको अवसर वृद्धि भइरहेकाले पनि रेमिट्यान्को गति बद्ने अनुमान विश्व बैंकको छ । दक्षिण एशियाली क्षेत्रमा रेमिट्यान्स ल्याउने क्रम १२ दशमलव ३ प्रतिशतले बदेको छ । जून १ खर्व ९ अर्व डलर वरावर छ । पछिल्लो दुई वर्षमा यो १३ दशमलव ८ प्रतिशतले वृद्धिदर हो । भारतमा मुख्य रुपमा अदय कामदारले वहराइन, कुवेत, ओमन, कतार, साउदी अरेविया र युएई जस्ता जीसीसी सदस्य मूलुकबाट आएको प्रतिवेहनले उल्लेख गरेको छ । वंगलादेश, पाकिस्तान र नेपालमा पनि जी.सी.सी सदस्य मूलुकको आर्थिक वृद्धिदरले सहयोग गरेको विश्व वैंकको अध्ययनमा उल्लेख छ । दक्षिण एशियाली मूलुकमा रेमिट्यान्स भित्रने क्रम आगामी वर्ष पनि सुखद रहने तर २०११ र २०१२ जस्ता वृद्धिदर भने नदेखिने अध्ययनमा

लेखिएको छ । नेपाल राष्ट्र बैंक तथ्याङ्कको पनि मूलुक भित्रिने रेमिट्यान्सको वृद्धिदरमा कमि आएको देखाउँछ ।

ESCAP, (2010) काअनुसार एसिया प्यासेफिक क्षेत्र ठूलो रोजगारीको केन्द्रहरु मध्ये एक हो । एसियाबाट बहुसंख्याक कामदारहरु रोजगारीको निमित खाडी मूलुक जाने गरेका छन् । पूर्वी एशियाको अर्थतन्त्रलाई सुदृद र सम्पन्न बनाउन निकै भूमिका खेलेको छ । मुख्य गरेर चाईना, हङकङ, जापान, उत्तर कोरिया, मलेसिया, ब्रुनाई, सिंगापूर जस्ता देशहरु जाने गर्दछन् । सन् २००५-२००६ मा ६५ प्रतिशत देखी ७० प्रतिशत एसियाको मानिसहरु कामको सिलसिलामा पश्चिम एसिया र पूर्वी एसियामा रोजगारको सिलसिलामा पुग्ने गरेका छन् ।

Kansakar, (1881) ले आफ्नो अनुसन्धानमा सन् १८१४ पछि शुरु भएको विप्रेषण भित्रिने क्रमको शुरुवात सेनाबाट मात्र भएको र पछि आएर श्रमिकहरू पनि रोजगारीका लागि बिदेशिने गरेको पाइन्छ । उक्त अध्ययनमा सन् १८१४ मा नेपाली अंग्रेज युद्ध पश्चात नेपालीहरू सेनामा भर्ती हुन लाहोर जाने गरेको कुरा उल्लेख गरेका छन् । उक्त अध्ययन अनुसार बैदेशिक रोजगार नेपालको बढ्दो जनसङ्ख्या र रोजगारीका अवसर बिच सन्तुलन ल्याउन र बैदेशिक मुद्रा आर्जन गर्न कोशेढुङ्गा साबित भएको उल्लेख गरेका छन् । बैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारले शिक्षा र प्राविधिक सिपमा उच्च लगानी गरी आफ्नो परिवारको सामाजिक आर्थिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख गरिएको छ । साथै नकारात्मक पक्षमा कृषि श्रमिकको सङ्ख्या घट्न गई कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ संकेत गरिएको छ ।

पोखेल, (२०५७) ले गरेको समाजशास्त्रीय अध्ययनमा नेपालको श्रम बजारमा प्रतिवर्ष दुई लाख भन्दा बढि श्रमशक्ति थपिने र त्यसमध्ये १० प्रतिशतले पनि उपयुक्त र फलदायी रोजगार पाउन नसक्ने कुरा उल्लेख गरी त्यसको समाधानका लागि बैदेशिक रोजगारी कोशेढुंगा सावित हुने कुरा उल्लेख गरेका छन् । उनले अध्ययनमा नेपालमा हाल तिब्र गतिमा बैदेशिक रोजगारी सञ्चालन गर्ने एजेन्सीहरू खोली धेरै नेपाली युवाहरू बैदेशिक रोजगारीमा गएर थुप्रै रेमिट्यान्स भित्र्याएको कुरा विश्लेषण गरेका छन् । साथै नेपालबाट रोजगारमा जाने अधिकांश कामदारहरू साक्षर मात्र भएको र अदक्ष भएको कुरा उल्लेख गरी

त्यस्ता कामदारहरूले खदतरापूर्ण काम गर्नुपर्ने र पारिश्रमिक पनि अत्यन्त कम पाउने कुरा उनले अध्ययनमा उल्लेख गरेका छन् ।

पण्डित, (२०५७) को एक अध्ययनमा विकासोन्मुख मुलुकहरूबाट विकसित मुलुकहरूमा बैदेशिक रोजगारी जाने कार्यले बिदेशी मुद्राको आर्जन हुने, प्रविधि हस्तान्तरण हुने र बेरोजगारी समस्या हल हुने हुँदा विश्व अर्थव्यवस्थामा बैदेशिक रोजगारीको महत्वपूर्ण स्थान रहने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनमा दक्षिण एशियाली एंव सार्कका मुलुकहरूमा पनि बैदेशिक रोजगारी सेवाको महत्वपूर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरू मधये भारतको योगदान सबभन्दा धेरै र त्यसपछि क्रमशः पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपाल पर्दछन् भनि उक्त अध्ययनमा उल्लेख गरिएको छ । उक्त अध्ययनमा बैदेशिक रोजगार व्यवसाय नेपालमा बैकल्पिक र अल्पकालिन रोजगारको माध्यमको रूपमा अवलम्बन गरिनुको साथै यसबाट नेपाली कामदारहरूले रोजगारी पाउने, बिदेशी मुद्रा आर्जन हुने, प्रविधि आदान प्रदान हुनु, जिवनस्तरमा सुधार आउने, व्यवस्थापन क्षमताको विकास हुने कुरा स्पष्ट पारिएको छ ।

Todaro, (2005) ले बसाईसराई दुई ठाउँको अनुमानित आयको अन्तरले हुने बताउँछन् । कम आय हुने क्षेत्रबाट बढि आय हुने क्षे तर्फ मानिसहरू रोजगारीमा गएको पाईन्छ । मानिसहरू कम आय हुने ठाउँबाट र बेरोजगारीको अवस्थामा बस्नुपर्ने दुर्गम ठाउँहरूबाट आय बढि हुने र रोजगारीका अवसरहरू बढि प्राप्त हुने ठाउँतर्फ आकर्षित भई बसाई सर्ने गरेको कुरा उल्लेख गरेको पाइन्छ । उनका अनुसार नयाँ ठाउँमा काम पाउने सम्भावना र त्यस नयाँ ठाउँको बेरोजगारी दर बीच बिपरीत सम्बन्ध हुन्छ । (Probability of getting job in new area is inversely releted to under employment rate in the new area.)

नेपाल राष्ट्र बैङ्क, (२०७०) काअनुसार देशभित्र बेरोजगारीका अवस्था भयावह बन्दै गएको छ । देशभित्र उत्पादन हुने वार्षिक साठे २ लाख जनशक्ति मध्ये ५ हजारलाई पनि देशमा रोजगारी उपलब्ध गराउन सकिएको छैन । देश भित्र रोजगारीको अवसर नपाएपछि वार्षिक ४ लाख सङ्ख्यामा युवाहरू बिदेश गइरहेका छन् । बिदेशीएका युवाहरूले पठाउने विप्रेषणको अनुपात वार्षिक ४ खर्ब ३५ अर्ब रूपैयाँ पुगेको छ।

चौधरी, (२००७) ले विश्लेषण गर्दै भनेका छन् कि विप्रेषण आयको आकारलाई बिदेशमा गरेको काम श्रमिकको शैक्षिकस्तर बैवाहिक स्थिति र श्रमिकको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् कि विप्रेषण आयको प्रयोगलाई ४ वटा तत्वले प्रभाव पारेको हुन्छ । गरिबीलाई प्रमुख तत्व मान्दै उनले विप्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा मुनि भएमा अत्यावश्यक वस्तुको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा भन्दा माथि भएमा उच्चकोटिका वस्तुको उपभोगमा बढि खर्च गर्ने निष्कर्ष निकालेका छन् । दोस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो । यदि वस्तु तथा सेवाहरू पर्याप्त मात्रामा पाईन्छन् भने स्वतः विप्रेषण आय बढी खर्च हुन्छ । तेस्रो तत्व बचत पद्धति र चौथो तत्व विभिन्न पेशा प्रतिको दृष्टिकोण हो भनी उनले व्याख्या गरेका छन् ।

Adhikari and Suwal, (2006) काअनुसार विप्रेषण आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ भन्दै आफ्नो लेखमा विप्रेषणको योगदान नहुने हो भने नेपालमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ३१ प्रतिशतबाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनेका छन् । विप्रेषणको उपयोग विशेष गरी घरायसी कामकाजमा भए पनि पूँजि निर्माणमा पनि यसले ठुलो सहयोग पुऱ्याएको उनीहरूको निष्कर्ष छ ।

रेग्मी, (२०६५) काअनुसार अध्ययनमा नेपाली कामदारहरू पारिवारिक आर्थिक कमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण बिदेशिएको पाईन्छ । खाडी मुलुकमा कम आम्दानी भएतापनि उनिहरूले आफ्नो पारिवारिक, आर्थिक, शैक्षिक आवश्यकताहरू आम्दानि अनुसार परिपूर्ति गरेको पाईएको छ । बैदेशिक रोजगारले नेपाली कामदारहरूलाई नकारात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रका ८१.४८ प्रतिशतको आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेका छन् ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनवरालेकन (Review of Literature)

कार्की, (२०६८) को अनुसार नेपालको वर्तमान अवस्थामा आम्दानीका स्रोतहरु मध्ये विप्रेषण आय प्रमुख हो । अर्को शब्दमा, नेपालको अर्थतन्त्र विप्रेषण आयबाट चलिरहेको छ । त्यसैले सरकारको आम्दानी वृद्धिमा यसको महत्त्वपूर्ण हात रहेको छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाले गाउँ गाउँमा विभिन्न कृषि फर्महरु संचालन गरेका छन् । यसको कारण के

हो भने उनीहरुसँग उक्त कार्य गर्ने सिपको विकास भयो र वैदेशिक रोजगारीबाट आम्दानी प्राप्त भएकोले लगानीको समस्या पनि रहेन । फलस्वरुप गाउँ गाउँमा गाई पालन, बाख्रापलन, तरकारी खेती, नगदेबाली, माछापालन आदिको विस्तार हुदै गएको छ ।

घिमिरे, (२०६२) को अनुसार एक अध्ययन अनुसार नेपालको कुल जनसंख्याको ३.३ प्रतिशत वैदेशिक रोजगारीमा जान्छन् र उनीहरुको कुल ग्राहस्थ उत्पादनको ११.८ प्रतिशत योगदान दिन्छन् भन्ने कुरा उल्लेख गरी यो षेत्रको महत्त्व माथि प्रकाश पारिउको छ ।यस्तो महत्त्वपूर्ण क्षेत्र भएकोले यस क्षेत्रलाई स्वीकार्नु सरहना गर्नु पर्छ । साथै मूल्याङ्कन र अनुगमन गर्नु पर्दछ भन्ने कुरा लेखमा विश्लेषण गरिउको छ । साथै वैदेशिक रोजगारीलाई पादर्शि सबैको पहुँच हक सबै प्रकारका ठगी रोक्ने संयन्त्र निर्माण गरिनु पर्दछ र विप्रेषणको वास्तविक गणना, औपचारिक क्षेत्रबाट भिऱ्याउन प्रोत्साहन र उत्पादनको क्षेत्रमा खर्च गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । त्यसका लागि यस विषयको अध्ययन अनुसन्धान गरी विप्रेषणलाई गरिबी निवारण आर्थिक विकासको कार्यमा लगाउनु सक्नु पर्दछ भन्ने कुरा लेखमा प्रष्ट पारिएको छ ।

रेग्मी, (२०६५) को अनुसार वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनमा नेपाली कामदारहरुका पारिवारिक आर्थिक कमजोर र स्वेदशमा रोजगारी नपाएको कारण विदेशीएको पाइन्छ । खाडी राष्ट्रमा कम आम्दानी भएतापनि उनीहरुले आफ्नो पारिवारीक आर्थिक शैक्षिक आवश्यकताहरु आम्दानी अनुसार परिपूर्ति गरेको पाइएको छ । वैदेशिक रोजगारले नेपाली कामदारलाई नकारात्मक प्रभाव भन्दा उनीहरुको आर्थिक र शैक्षिक अवस्थामा राम्रो सुधार भएको कुरा उल्लेख गरिएका छ ।

उपाध्याय, (२०७१) को अनुसार कुनै पनि देशको सार्वभौम सिमाना भन्दा बाहिरको रोजगारीको अवसरलाई वैदेशिक रोजगार भनिन्छ । वर्तमान विश्व परिवेशमा विकसित भएको आर्थिक उदाधिकाण र विश्व व्यापीकरणको मान्यताले वैदेशिक रोजगारीको अवसरलाई विश्वव्यापी नै बनाइदिएको छ । वर्तमान समयमा सामाजिक, आर्थिक रुपान्तरणको एक सशक्त माध्यमको रुपमा वैदेशिक रोजगारीले महत्त्वपूर्ण भूमिका खेलेको पनि पाइन्छ । नेपालको सन्दर्भमा भने वैदेशिक रोजगारीको मुद्धा कुनै नौलो होइन ।

रिजाल, (२०६४) को एक अध्ययन अनुसार नेपाली कामदारहरु वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेको छ । निम्न र मध्यम वर्गिय नेपालीहरु धेरै मात्रामा वैदेशिक रोजगारीमा जाने

गर्छन । यस्ता नेपालीहरुलाई विदेशमा गर्नुपर्ने कामको बारेमा केहि पनि थाह हुँदैन । विदेशमा रोजगारीका अवशर प्रशस्त पाइन्छन् र रोजगारीका लागि विदेश जानु पर्छ भन्ने धारणा रहेको पाइन्छ । यस्ता कामदारहरुले विदेशमा कडा परिश्रम गर्नुपर्ने र तलब तथा सेवासूविधा न्यून पाउने भएकाले उनीहरुको आर्थिक अवस्थामा उल्लेख परिवर्तन हुँदैन ।

Chaudhary, (१९९२) ले ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रेषणको आकार विदेशमा गरेको काम, श्रमिकहरुको शैक्षिक स्तर, वैवाहिक स्थिति र श्रमिकहरुको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् विप्रेषणको प्रभावलाई मूख्य गरि ४ वटा तत्वले प्रभाव पारेको हुन्छ । गरिबलाई मुख्य तत्व मान्दै विद्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिविको रेखामूनि भएका अनिवार्य आवश्यक वस्तुको उपयोगमा विप्रेषण बढि खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिवीको रेखाभन्दा माथि गएमा उच्च कोटीका वस्तु उपभोगमा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दोश्रो तत्व वचत प्रकृति तथा तेस्रो वस्तु तथा सेवाहरुको उपलब्धता हो भने चौथो तत्व विभिन्न पेशाप्रतिको दृष्ट्रिकोण हो भनि व्याख्या गरेको थिए ।

सिटौला, (२०६८) को एक अध्ययन अनुसार नयाँ नेपाल निर्माणमा व्यवसायिले थप भूमिका खेल्ने सवालमा कुनै विवाद देखिदैन तर नयाँ नेपाल कस्तो बनाउने ? व्यवसायलाई यर्थादित र सुरक्षित बनाउन सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्छ सो स्पष्ट भए व्यवसायिले गर्न सक्ने योगदानका विषयमा छलफल गर्न सकिन्छ । व्यवसायि र मेनपार कम्पनि संचालकहरु यहि माटामा जन्मेकाले आफ्नो मूलुक सुन्दर बनाउन जस्तोसूकै भूमिका निर्वाह गर्न तयार छन् । तर त्यसका लागि व्यवसायिक ग्यारेन्टि र उचित वातावरण तयार हुनुपर्छ । व्यवसायीहरुले पनि आम्दानी गरेमात्रै मूलकका लागि केहि योगदान दिन सक्छन् । त्यसकारण नयाँ नेपाल निमार्णका लागि राजनितिक दल, नागरिक समाज र व्यवसायिहरु विच हातेमालो जरुरी छ । व्यवसाय संचालनका क्रममा हामिले भागेका कठिनाइ र कानुनी झण्झटका विषयमा सरकार र व्यवसायि विच छलफल भई समाधान गर्न सके पारस्पारिक सहयोगलाई थप वृद्धि गर्न सकिन्थ्यो । वचनसायिहरु बनाउने हो भने वैदेशिक रोजगार व्यवसायले ठूलो भूमिका निर्वाह गर्न सक्छ । वैदेशिक रोजागरी व्यक्तिको वाध्यताको रुपमा स्थापित भइसकेको अवस्थामा यस क्षेत्रले व्यक्तिलाई रोजगारको अधिकार प्रदान गर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरि सामाजिक रुपान्तरणको निम्ति पूऱ्याएको योगदानलाई

नागरिक समाज, राजनितिक दलहरु र अन्य क्षेत्रले पनि सहि ढंगले बुझ्ने जरुरी छ, यसका लागि स्वयं व्यवसायीहरु सरकार, नागरिक समाजले संयुक्त रुपमा व्यवसायिक र सुरक्षित वैदेशिक रोजगारका निम्ति उचित कदम चाल्नु अत्यन्तै जरुरी देखिन्छ ।

श्रेष्ठ, (२०६६) को अनुसार विदेशमा नेपाली कामदारले सुरक्षित रुपमा काम गर्न पाउन भनेको नेपालमा रहेका उसको परिवार मात्र हेर्न नेपालको आर्थिक क्षेत्रमा रेमिट्यान्सले ठूलो सहयोग पुऱ्याउनु हो भनी यस लेखमा व्याख्या गरिएको छ । नेपालको कूल ग्रार्हास्थ उत्पादनमा त्यसको हिस्सा ठूलो रहन्छ । पाँच वर्ष अघि सम्म पनि नेपालमा त्यति धेरै मात्रामा रेमिटेन्स भित्रिएको पाइदैन थियो ।

दाहाल, (२०७०) को अनुसार नेपालमा जिवनस्तर सम्बन्धी सर्वेक्षणले देखाए अनुसार विदेशबाट करिव ५६ प्रतिशत विप्रेषण भित्रने गर्दछ त्यो नै नेपालको आयस्रोत बनेको छ । वैदेशिक रोजगारीबाट भित्रने विप्रेषणको करिब ६९ प्रतिशत दैनिक उपभोग खर्च हुने गरेको छ भने ९ प्रतिशत श्रमण तिर्नमा, ५ प्रतिशत घर जग्गा खरिदमा, ३ प्रतिशत शिक्षामा लगानी भै रहेको छ भने ५ प्रतिशत मात्रै वचत हुने गरेको तथ्याङ्कले देखाउँछ । त्यसै कारणले गर्दा रोजगारीको सिलसिलामा विदेश पलाएन हुनेहरु दुई चार वर्ष भन्दै उतै पलाएन भै रहेका छन् ।

केन्द्रीय तथ्याङ्क विभाव (२०७०) ले गरेको अध्ययन अनुसार कुनै पनि काम नसिकेका नेपाली कामदाहरुको रोजगारी प्राप्त गर्ने स्थान भनेको अर्कौ देशको पूर्वाधार निर्माणको काम हो । पूर्वाधार निर्माणको जटिल काम गर्नुपर्ने कारण कतिपय युवा जनशक्तिले अकालमा ज्यान गुमाउनु पर्ने वाध्यता छ । जोखिमपूर्ण कामको कारण विभिन्न प्रकारका रोगको सिकार वनी जिउन समेत आश्रमको आवश्यकता पर्ने अवस्थामा समेत वैदेशिक रोजगारीमा जाने यूवाहरु पुगेका छन् । वैदेशिक रोजगारीबाट पाइएको रेमिटेन्सले परिवारको सम्पूर्ण खर्च धान्ने भएकाले वैदेशिक रोजगारीमा जाने यूवाहरुका परिवारका सदस्यहरु ले आफ्नो पेशा व्यवसाय त्यागेर शहर केन्द्रित वसोवास गर्ने संस्कृतिको विकास हुँदै गइरहेको छ । उनीहरु कुनै आयआर्जनको काममा लागेको पाइदैन । खाली उपभोग मात्र गरिरहेका छन् । आर्थिक आत्म निर्भरताको क्षेत्र दिन प्रतिदिन सभ्वदो अवस्थामा छ ।

## २.३ प्रस्तुत अध्ययनमा पूर्व अध्ययनको प्रयोग (Implications of the Review of the Study)

नेपालमा वैदेशिक रोजगारीको ठूलो महत्व रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने आयले देशको आर्थिक विकासमा उत्ता नै महत्व राख्दछ । अर्को स्वयं व्यक्तिको गरिबी वेरोजगारी र आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा उत्तिकै योगदान पुऱ्याएको देखिन्छ । यस अध्ययनमा विभिन्न सैद्धान्तिक साहित्यको पूनरावलोकन र पूर्व साहित्यको अध्ययन अन्तगर्त निम्नानुसार समीक्षा गरिएको छ ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०६९) का अनुसार वैदेशिक रोजगारीमा संस्थागत र व्यक्तिगत गरी दुई किसिमबाट विदेश जाने व्यवस्था सरकारले मिलाएको छ । यसका साथै हाल महिला श्रमिक देशको कूल २० प्रतिशत वैदेशिक रोजगारमा गएको पाहयो भने केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई हेर्दा २ लाख ३७ हजार ४ सय जना महिला मात्र बैदेशिक रोजगार गएको कुरा उल्लेख गरिएको छ ।

रिजाल, (२०६७) का अनुसार नेपालमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरुको संख्या बढी रहेको छ । यसमा पनि निम्न र मध्य वर्गिय खालको मानिसहरु विदेश जान्छन् तर उनीहरुलाई आफ्नो कामको वारेमा केही थाहा हुँदैन भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

श्रम मन्त्रालय, (२०६८) का अनुसार वैदेशिक रोजगारका अवसरहरु विस्तार हुँदै गए पनि मूलुक भित्र वेरोजगारी संख्या तिब्र रुपमा बढ्दै गएको तर उद्योग धन्दा एवम् विकास निमार्णको कार्यहरु अपेक्षाकृत वृद्धि भएको देखिदैन । यसबाट बैदेशिक रोजगारमा जाने नेपालीहरुको संख्यामा अत्याधिक वृद्धि भएको कुरा उल्लेख गर्नु भएको छ ।

भूसाल र ओझा, (२०६९) का अनुसार वैदेशिक रोजगार सेवा भन्नाले एक देशको काम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रुपमा काम गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ ।

दाहाल, (२०६३) का अनुसार हाम्रो देश नेपालमा प्रशस्त मात्रामा उद्योग धन्दाको अभावका कारण श्रमिकहरु वैदेशिक रोजगारमा जान वाध्य भएका छन् भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

रिजाल, (२०६७) का अनुसार नेपालमा वैदेशिक रोजगारी जाने नेपाली कामदारहरुको संख्या वढी रहेको छ । तर उनीहरु विदेश जानुपूर्व कुनै सिप नसिकी गएका कारण आफूले पाउनुपर्ने तलब जति हो त्यो पाइरहेको छैन भन्ने कुरा उल्लेख गर्नु भएको छ ।


श्रेष्ठ, (२०६६) का अनुसार विदेशमा नेपाली कामदारले सुरक्षित रुपमा काम गर्न पाउनु भनेको नेपालमा रहेका उसको परिवार मात्र हैन नेपालको आर्थिक क्षेत्रमा रेमिट्यान्सले ठुलो सहयोग पुऱ्याउनु हो भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावोलोक पश्चात र यस अध्ययन विचमा अनुसन्धान अन्तर (Research gap) यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकन नमुना छनोट विधिको माध्यमबाट सिमित जनसंख्या बाट तथ्याङ् क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न हुने साथै यस अध्ययन मा संलग्न हुने शत प्रतिशत घर परिवारलाई लिइएको थियो भने वैदेशिक रोजगार मा संलग्न हुने घर परिवारलाई स्तरकृत नमुना छनोट विधिको माध्यमबाट छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीमा मात्र प्रयोग गरी तथ्याङ्क संकलन गर्दा सहि नहुने /सहि नभएको पनि हुन सक्दछ तर यस अध्ययनको निचोडमा वैदेशिक रोजगारीमा संलग्न घर परिवार तथा वैदेशिक रोजगार फर्किएका युवायुवतीलाई समावेश गरी लक्षित समूह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क लिइएको छ । यस अध्ययनको साहित्य पूनरावलोकनमा वैदेशिक रोजगारसँग सम्बन्धित घर परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रको बारेमा विश्लेषण गरिएको छ । साथै विप्रेषणबाट उनीहरुको परिवारको शिक्षामा गरिएको लगानीलाई देखाइएको छ । जसले साहित्यको पुनरावलोकन प्रभावको विश्लेषण गर्न पनि सहज भएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक भन्ने आशावादी रहेको छ ।


## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

वैदेशिक रोजागारीमा अघि र पछि उनिहरुका परिवारको आर्थिक तथा उनीहरुका बालबालिकाको शैक्षिक अवस्थाको अवधारणात्मक संरचना यस प्रकार रहेको थियो ।



## २.६ कार्यात्मक अवधारणा (Functional Framework)

बैदेशिक रोजगारीमा संलग्न युवाहरूको आर्थिक तथा शैक्षिक अवस्थाको कार्यात्मक ढाँचा यस प्रकार रहेको छ । यस संरचनामा बैदेशिक रोजगारीमा जानु अघि र बैदेशिक रोजगारीमा गइसकेपछि उनीहरूको परिवारको आर्थिक तथा शैक्षिक अवस्था तथा समस्या तथा उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्थासँग सम्बन्धित विभिन्न पक्षहरूलाई समेटिएको छ । बैदेशिक रोजगारीले यसमा संलग्न युवाको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव



# अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि तथा ढाँचा (Research Method and Design)

यस अध्यायमा अनुसन्धानका विधिहरु तथा ढाँचाहरुको बारेमा व्याख्या गरिएको छ । यस अन्तर्गत अनुसन्धान, ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या, नमुना, आकार र नमुना छनौट, अध्ययन क्षेत्र तथ्याङ्क संकलनका साधन र प्रविधि तथ्याङ्क विश्लेषणका तरिका जस्ता कुराहरुलाई समेटिएको छ ।

## ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । यस अध्ययनले उद्देश्य प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिउको छ । यसरी प्राप्त तथ्याङ्कलाई वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु गुणात्मक तथ्याङ्कलाई व्याख्या गरिएको छ । साथै संख्यात्मक तथ्याङ्कलाई व्याख्या गरिएको छ । साथै संख्यात्मक तथ्याङ्कलाई ताकिकीरण, स्तम्भ चित्र र वृत्त चित्रबाट प्रस्तुत गरिएको हुनाले यस अधययनमा रहेको तथ्याङ्कहरुको सवभाव गुणात्मक अध्ययनमा रहेको तथ्याङ्कहरुको स्वभाव गुणात्मक (Qualitative) र संख्यात्मक (Quantitative) रहेको छ ।

## ३.२ तथ्याङ्क संकलनका स्रोत (Sources of Data Collection)

कुनै पनि अध्ययन अनुसन्धानका लागि संकलित तथ्याङ्कहरु भरपर्दो हुनु पर्दछ । भरपर्दो स्रोतबाट लिएको तथ्याङ्क नै सही र विश्वासिला हुने भएकाले अनुसन्धानको उद्देश्यपूरा गर्न सके सम्म भरपर्दो स्रोतहरुलाई मात्र तथ्याङ्कको संकलनको स्रोत रुपमा लिनुपर्दछ । यस अनुसन्धानमा तथ्याङ्क संकलनका स्रोतहरुमा मुख्यतया प्राथमिक र द्वितीय गरी दुई किसिमको प्रयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कको स्रोत (Source of Primary Data)

प्रस्तुत अध्ययनको प्राथमिक स्रोत अन्तर्गत अनुसन्धान स्थलगत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुसँग प्रश्नावलीका माध्यमबाट अर्न्तवार्ता लिइएको थियो । अध्ययन

क्षेत्रबाट सूचना संकलन गर्ने गर्ने क्रममा वैदेशिक रोजगार सँग सम्बन्धित घर परिवारका अभिभावकहरुसँग प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिइ तथ्याङ्क संकलन गरिएको थियो । त्यसैले यस अध्ययनको लागि प्राथमिक स्रोत युवायुवतीहरु र सोही युवायुवतीको घर परिवारका अभिभावकहरु हुन् ।

### ३.२.२ सहायक तथ्याङ्कको स्रोत (Source of Secondary Data)

यस अध्ययनलाई उद्देश्यपूर्ण तथा प्रभावकारी बनाउनको लागि प्राथमिक तथ्याङ्कहरुबाट प्राप्त हुन नसक्ने सूचनाहरु द्धितीय तथ्याङ्कहरुबाट सङ्कलन गरिएको छ । द्धितीय स्रोत अन्तर्गत पत्रपत्रिका प्रकाशित वैदेशिक रोजगार सम्बन्धी रिपोर्टहरु, गा.वि.स. कार्यँलय थुमी, जि.वि.स. कार्यालय गोरखा, वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक अन्य प्रकाशित र अप्रकाशित रिर्पोटहरु तथा यस अध्ययनसँग सम्बन्धित शोधपत्रको अध्ययनबाट तथ्याङ्कहरु लिइएको थियो ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample, Size and Sample Strategy)

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययन गोरखा जिल्लाको थुमी गा.वि.स. मा आधारित रहेको छ । उक्त गा.वि.स. कुल घर परिवार संख्या ९९६ तथा कुल जनसंख्या ५३७१ रहेको छ । जसमा पुरुष २६९७ र महिला २६७४ रहेको छ । यस गा.वि.स. भित्र पनि वडा नं. ४ मा ७७ घरपविार, वडा नं. ५ मा २०० घर परिवार, वडा नं. ६ मा १८४ घरपरिवार, वडा नं. ७ मा ९४ घरपरिवार, वडा नं. ८ मा ७० घरपरिवार गरी जम्मा ६२५ रहेका छन् । जस मध्ये वैदेशिक रोजगारीमा संलग्न वार्ड नं. ४ बाट ३५, वडा नं. ५ बाट ५०, वडा नं. ६ बाट ४५, वडा नं. ७ बाट ३५ र वडा नं. ८ बाट ४५ गरी जम्मा २०० घर परिवार रहेका छन् । त्यसैले यस अध्ययनको जनसंख्या वैदेशिक रोजगारमा संलग्न २०० घर परिवार हो ।

### ३.३.२ नमुनाको आकार (Sampling Size)

यस अध्ययाका लागि नमूना छनोट क्षेत्रमा वैदेशिक रोजगार संलग्न २०० घर परिवार रहेका छन् । उक्त घर परिवार मध्ये २०० लाई नै अध्ययनमा समावेश गरिएकाले यस अध्ययनको नमूना आकार २०० घर परिवार अर्थात १०० प्रतिशत हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

यस अनुसन्धानको क्रममा स्रोत र समयको सिमितताको कराण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न जटिल एवं कठिन पर्ने हुनाले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको छ । जसलाई तल उल्लेख गरिएको छ :

१. यस अध्ययनलाई उद्देश्यमूलक संगणना विधिको माध्यमबाट देशको ७५ जिल्ला मध्य, गोरखा जिल्ला र यस भित्र रहेका गा.वि.स. मध्ये बाट थुमी गा.वि.स. र ९ वडाहरु मध्येबाट वडा नं. ४, ५, ६, ७ र ८ लाई लिइएको छ किनभने बाँकी वडाहरुमा वैदेशिक रोजगारीमा जानेको संख्या नगन्य रहेको छ ।

२. वैदेशिक रोजगारमा संलग्न २०० घरपरिवारका अभिभावकहरुलाई संगणना विधि बाट छनौट गरिएको छ ।

## ३.४. अध्ययन क्षेत्र (Study Area)

यस अध्ययनको क्षेत्र नेपालको पशिचमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा रहेको गोरखा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित थुमी गा.वि.स. हो ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अनुसन्धानको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनका लागि निम्न साधनको प्रयोग गरिएको थियो । जसलाई यस प्रकार उल्लेख गरिएका छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि संरचित र असंरचित दुवै प्रकारको प्रश्नावलीको प्रयोग गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारका अभिभावकहरुलाई आम्दानी, खर्च र बचत तथा शैक्षिक अवस्था र उक्त पेशा अवलम्बन गर्नुपर्ने धारण र उक्त पेशामा रहेका समस्याहरुको पहिचान गर्न प्रश्नावली निर्माण गरिएको थियो । जुन अनुसूचि १ मा उल्लेख गरिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययन कर्ता एवम् वैदेशिक रोजगारीमा संलग्न युवाहरुको घरमा गई उनीहरुको आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । साथै छनोटमा परेको घर परिवारको आर्थिक अवस्था जग्गाजमिन, भौतिक सामग्रीहरुको अवलोकन गर्न एउटा अवलोकन सूची तयार गरिन्छ । जसलाई अनुसूची २ मा देखाइएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस अध्ययनलाई पूरा गर्नको लागि वैदेशिक रोजगारमा संलग्न घरपरिवारका अभिभावकहरुलाई छलफलमा सहभागी बनाइएको थियो । उक्त छलफल सञ्चालन गर्नका लागि आवश्यक छलफल सूची बनाइएको थियो । जसको नमूना अनुसूची ३ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनमा लागि तथ्याङ्क सङ्कलन गर्ने निम्न विधिहरुको प्रयोग गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि प्रविधिको रुपमा अर्न्तवार्ता अन्तर्गत प्रत्यक्ष अर्न्तवार्ता (Direct Personal Interview) विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न

प्रश्नावली लिएर अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई त्यहाँका उत्तरदातासँग आमुन्नेसामुन्ने रुपमा बसी प्रश्न उत्तरका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देय परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि वैदेशिक रोजगारीमा संलग्न युवाका परिवारसँग वैदेशिक रोजगारीले तपाईको परिवारमा कस्तो प्रभाव परेको छ, आम्दानी कस्तो छ वैदेशिक रोजगारीमा जानुभन्दा पहिले र गई सकेपछिको आर्थिक र शैक्षिक अवस्थामा कस्तो प्रभाव परेको छ भन्ने कुरामा प्रयक्ष अवलोकन गरिएको छ । वैदेशिक रोजगारीले युवालाई आर्थिक उन्नति गर्न सहयोग गरेको छ वा छैन भनि पत्ता लगाउनको लागि अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देय पूरा गर्ने शिलसिलामा अनुसन्धानकर्ता स्वयं उपस्थित भइ आफ्नो अध्ययन क्षेत्रमा थुमी गा.वि.स. वडा न. ४, ५, ६, ७, र ८ का नमुना छनोटमा परेका प्रत्येक वडा वटा ३/३ जना गरि जम्मा १२ जनाको समूहलाई अध्ययन कर्ता स्वयंले छलफल गराई उनीहरुको उत्तर टिपोट गरिएको थियो । यस टिपोटको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।

## ३.७ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषणको तरिका (Data Analysis and Interpretation Techniques)

यस अध्ययनका क्रममा विभिन्न विधि तथा तथ्याङ्क सङ्कलनका साधनहरु प्रश्नावली, अर्न्तवार्ता, छलफलबाट आवश्यक तथ्याङ्क सूचना तथा जानकारीहरु सङकलन गरिएको छ । उक्त सङ्कलन गरिएका तथ्याङ्कलाई व्यवस्थित तरिकाले शिर्षक अनुसार तालिकामा प्रस्तुत गर्नुका साथै आवश्यकता अनुासर तथ्याङ्कलाई स्तम्भ चित्र, प्रतिशत र औसतको रुपमा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कको विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा अध्ययनको निष्कर्ष निकालिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. परिणामको व्याख्या र विश्लेषण (Analysis and Interpretation of the Result )

## ४.१. गोरखा जिल्लाको एक परिचय (Introduction of the Gorkha District)

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकासक्षेत्र (प्रदेश नम्बर ४) अन्तर्गत पर्ने गण्डकी अञ्चलका ६ जिल्लाहरु मध्ये तनहुँ, लमजुङ र मनाङ् जिल्लाहरुको पूर्वपट्टि रहेको छ । नेपालको नक्सामा हेर्दा यो जिल्ला महाभारत श्रृङ्खला देखि हिमाली श्रृङ्खला सम्म लिस्नो भैं ठाडिएर रहेको देखिन्छ । ३६१० वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यो जिलला क्षेत्रफलको हिसाबले चौथो ठूलो जिल्ला हो । जसले देशको कूल भू-भागको २.४५ प्रतिशत भाग ओगटेको छ । राष्ट्रिय जनगणना २०६८ को अन्तिम नतिजा अनुसार देशको कुल जनसंख्याको १.०२ प्रतिशत जनसंख्या रहेको यो जिल्ला जनसंख्याको हिसाबले ७५ जिल्ला मध्य ३७ औं स्थानमा रहेको देखिन्छ । भने साक्षरतामा ३६ औं स्थानमा रहेको छ । यो जिल्ला ६० गा.वि.स. र नगरपालिका, ३ निवार्चन क्षेत्र, १३ इलाकामा विभाजित छ । यस जिल्लाको मनकामना, वारपाक, सिम्जुङग र छेकम्पार गा.वि.स. लाई नमुना गा.वि.संको रुपमा घोषणा गरिएको छ । जिल्लाको सबै भन्दा टाढाको गा.वि.स. सामागाउँ ५२ कोष टाढा पर्छ । (District profile of Gorkha -2072 )

### ४.१.१ भौगोलिक अवस्था (Georaphical Condition)

यो क्षेत्रगत हिसाबले पहाडी क्षेत्रमा परे पनि यस क्षेत्रमा हिमाली क्षेत्र पनि पर्दछ । यो जिल्ला २७∫१४" उत्तर सम्म र ८४∫५८ पूर्व देशान्तर सम्म फैलिएको छ । यो समुन्द्री सतह देखि २२८ देखि ८१६३ मि. सम्म छ । यस प्रदेशले जिल्लाको कुल प्रदेशको भू भागको ४६.०७ प्रतिशत (१६.६३ वर्ग कि.मि) भाग औगटेको छ ।

### ४.१.२ जिल्लाको जानसाङ्खिकीय अवस्था (Population Status of District)

गोरखा जिल्लाको जनसङ्ख्याको कूल विवरण हरेक १०/१० वर्ष अन्तरमा भएको पछिल्लो तीन जनगणनाको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ। तालिकामा महिला र पुरुषको सङ्ख्या पनि छुट्टा छुट्टै प्रस्तुत गरिएको छ।

**तालिका ४.१**

**गोरखा जिल्लाको जनसाख्यिकीय अवस्था-२०७२**

| विवरण | वि.स. २०४८ | वि.स. २०५८ | वि.स. २०६८ |
|---|---|---|---|
| पुरुष | KΛKMΛΓ] | KMNN Γ] | KΛKI NK] |
| महिला | KMKKΣΓ] | KΞMΓΛΓ] | KΞI I ΛI \| |
| जम्मा | ΛΞΛΞΛN] | ΛPPKMN] | ΛΓKI OK] |

स्रोत स्थलगत सर्वेक्षण - २०७२

राष्ट्रिय जनगणना २०४८ अनुसार  अनुसार गोरखा जिल्लामा पुरुषको संख्या १२१३२७ जना र महिलाको संख्या १३११९७ गरी जम्मा २५२५२४ थियो । जनगणना २०५८ अनुसार पुरुषको संख्या बढेर १३४४०७ र महिलाको संख्या बढेर १५३७२७ र जम्मा २८८१३४ पुग्यो । रा.ज.ग. २०६८ अनुसार पुरुषको संख्या १२१०४१ र महिलाको संख्या १५००२० गरी जम्मा २७१०६१ हुन पुगेको छ । माथिको तथ्याङ्कलाई हेर्दा वि. स. २०६८ साल देखि नै गोरखा जिल्लामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी देखिन्छ ।

### ४.१.३ थुमी गा.वि.सको परिचय (Introduction of Thumi VDC)

नेपालको मान चित्रमा ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्लाम साविष्ट थुमी गा.वि.स. पश्चिमाञ्चल विकास क्षेत्र ११ मा पर्ने उत्तरी गोरखाको नाकाको रपमा परिचित गा.वि.स. हो । यस गा.वि.स. सदरमुकाम गोरखा देखि ४७ कि.मि टाढा पर्दछ ।  गा.वि.स. को मान चित्रलाई  नियाल्दा उत्तर दक्षिण केहि लम्बिएको पूर्व पश्चिम चौडा, पश्चिम तर्फ केही भाग झुकेको जस्तो महसुश हुन्छ । यस गा.वि.स. को क्षेत्रफल ४१.२४ वर्ग कि.मि (४१२४ हेक्टर) भूमि ओगटेको छ । थुमी बुढीगण्डकी किनार देखी घर्चे लेकको टुप्पा सम्म आफ्नो आफ्नो अस्तित्व कायम गर्न सफल भएको छ, यहाँ काँस देखि लालिगुँरास सम्म फूलछ त दक्षिणमा खचर, सिसौं देखि उत्तरमा निगाला, तेजपत्ता आदि जस्ता जटिबुटी समेत भेटिन्छ

भने बन्यजन्तुमा रातो ढेडु बाँदर देखी बाघ, भालु, मृग, भफरल, घोरल र पंक्षीमा पानी हाँस देखि डाँफे, कालिज आदि पाइन्छ । यस गा.वि.स मा नेपालमा अल्प संख्यक जाति भनेर अंकित बराम जाति र मुस्लिम देखि दलित, मगर, गुरुङ्ग, घले, क्षेत्री ब्राम्हाण आदि जातिको बसोबास छ ।

### क. भौगोलिक अवस्था (Geographical Condition)

नेपालको एकिकरणको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको गोरखा जिल्ला भित्र रहेको दुई नगर पालिका र साठी गा.वि.स. पर्दछ । यो गा.वि.स. मध्य थुमी गा.वि.स. पनि एक हो । भौगोलिक स्थितिलाई हेर्दा थुमी गा.वि.स. २८ डिग्री ७ सेकेण्ड उत्तर देखि २८ डिग्री ९ सेकेण्ड ३० मिनेट उत्तरी अक्षांश र ८४ डिग्री ४७ सेकेण्ड १५ मिनेट पूर्व देखि ८४ डिग्री ५२ सेकेण्ड ३० मिनेट पूर्व सम्म फैलिएको छ । सामुन्द्रिक सत देखि ६०० मीटर देखी ३३०० मी सम्म उचाईमा फैलिएको छ ।

### ख. गा.वि.सको जनसंख्याको स्थिति (Population Status of in VDC)

तलको तालिकामा थुमी गा.वि.स. को जनसङ्ख्याको स्थिति प्रस्तुत गरिएको छ । हरेक वडामा रहेको परिवार सङ्ख्या, महिला, पुरुष सबै वडाका वडागत जनसङ्ख्या र वडागत जनसङ्ख्या प्रतिशत प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**जनसाख्यिकीय स्थिति (Demographic Status of VDC)**

| वडा न. | परिवार संख्या | महिला (४९.८) | पुरुष (५०.२) | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | PΛ\| | ΛNN | ΛΞΠ | ΞI K\| | ΣΗΜΙ |
| २ | PΠ | ΛΝΞ | ΛΟΡ\| | ΞΚΜΙ | ΣΙΘ |
| ३ | ΚΚΛ\| | ΜΙ Ο | ΛΣΝ | ΟΙ Ι \| | ΚΚΗΙΙ |
| ४ | ΠΠ | ΛΚΡ\| | ΛΙ Π | ΝΛΞ | ΓΗΞ |
| ५ | ΛΙ Ι \| | ΝΡΡ\| | ΞΙ ΜΙ | ΣΣΚ\| | ΚΡΗΞ |
| ६ | ΚΡΝ | ΝΜΙ \| | ΝΛΜΙ | ΡΞΜΙ | ΚΞΗΞ |
| ७. | ΣΝ | ΛΞΣ\| | ΛΞΟ | ΞΚΞ | ΣΙΘ |
| ८. | ΠΙ \| | ΚΣΛ\| | ΚΣΣ\| | ΜΣΚ\| | ΓΗΛ\| |
| ९. | ΣΙ \| | ΛΣΛ\| | ΛΣΙ \| | ΞΡΛ\| | ΚΙ ΗΡ\| |
| जम्मा | ΣΣΟ | ΛΟΚΝ | ΛΟΣΠ | ΞΜΙΚ\| | ΚΙ Ι ΗΙ\| |

स्रोत : VDC Profile 2072

गा.वि.स. को प्रोफाइल अनुसार थुमी गा.वि.स. मा ९९७ परिवार संखया रहेको छ भने त्यसमा पुरुषको संख्या २६९७ र महिलाको संख्या २६७४ गरी जम्मा जनसंख्या ५३७१ रहेको छ । जसमा महिलाको संख्या प्रतिशत ४९.८ र पुरुषको संख्या प्रतिशत ५०.२ रहेको छ ।

### ग. गा.वि.स. को शैक्षिक अवस्था (Educational status of the VDC)

थुमी गा.वि.सको साक्षरता दरलाई राम्रो मान्नु पर्दछ । तहगत हिसाबले केहि व्यक्तिहरुले स्नातक सम्म अध्ययन गरेका छन् । गा.वि.स. को शैक्षिक अवस्थालाई तालिकामा देखाइएको छ ।

**तालिका ४.३**

**गा.वि.स.को शैक्षिक अवस्था (Educational Status of VDC)**

| वडा न. | एस.एल.सी वा सो सरह पास | बाह्र पासको संख्या | स्नातक पास संख्या | स्नातकोत्तर पास संख्या |
|---|---|---|---|---|
| १ | ΛΞ\| | ΛI \| | KK\| | Λ\| |
| २ | ΛΠ\| | ΛM\| | Σ\| | K\| |
| ३ | MM\| | ΛO\| | KΞ\| | M\| |
| ४ | KΣ\| | KΛ\| | M\| | Z\| |
| ५ | ΞI \| | MP\| | ΛI \| | KI \| |
| ६ | ΛK\| | KΞ\| | P\| | K\| |
| ७. | KΣ\| | KN\| | Ξ\| | K\| |
| ८. | KΞ\| | KN\| | Ξ\| | K\| |
| ९. | ΛI \| | KI \| | O\| | Λ\| |
| जम्मा | ΛPΣ\| | KOΠ\| | PK\| | ΛK\| |

स्रोत : VDC Profile, 2070

माथिको तालिका अनुसार थुमी गा.वि.स. मा एस.एल.सी वा सो सरह पास गर्नेको संख्या २८९ जना, बाह्र पास गर्नेके संख्या १६७ जना स्नातक पास गर्नेको ८१ जना र स्नातकोत्तर गर्ने २१ जना रहेका छन् । यस जनसंख्यालाई आधार मान्दा छोप्राक गा.वि.स. लाई अर्घ शिक्षित गा.वि.स.को रुपमा लिन सकिन्छ ।

## घ. खाने पानी तथा विद्युत (Drinking water and Electricity)

गा.वि.स को प्राय जसो वस्तिहरुम पाईपको धारबाट ल्याइएको पानीको प्रयोग गरिन्छ । जुन कसैको घरमा नै धारा छ भने कति घर परिवारलाई पानी लिन जान ५/१० मिनेटको समय लाग्ने गर्दछ । शेखा लघु जलविद्युत आयोजना ले वडा नं. १, २ र ९ वडालार्य बत्ति बाल्ल पुगेको छ भने केन्द्रीय प्रसारण लाइन बाट वडा नं. ५ मा बत्ति बाल्दछन् भने बाँकी अरु परिवार सोलार र मट्टीतेलबाट बत्ती बाल्ने गर्दछन् । **(VDC Profil, 2070)**

## ङ. यातायात सुविधा (Transporation Facility)

गोरखा जिल्ला सदरमुकामलाई धेरै पहिले नै पक्की  सडकले जोडे पनि थुमी गा.वि.स. मा भने यातायतको पहुँच पुगेको पाइदैन । भौगोलिक विकटताले गर्दा आर्खेत बजार सम्म कच्चि सडक जोडिएको छ गोरखा सदरमुकाम देखि भने जीपहरु सोती बजार सम्म मात्र पुगेको छ । बाँकी वडा मा सडकले छोएको छैन । **(VDC Profil, 2070)**

## च. हावापानी (Climiate)

थुमी गा.वि.स. को वडा नं. ९, ८, र ७ का केहि भागमा हिउँदमा जाडो, तुसारो र अग्लो भागमा हिउँ पनि पर्दछ । चैत्र देखि जेष्ठ सम्म दक्षिण, भागमा उष्ण र उत्तरमा समारीतोष्ण हुन्छ, आषाढ, श्रावण र भाद्रमा १०० से.मि २०० से.मि सम्म वर्षा हुन्छ । **(VDC Profil, 2070)**

## छ. जङ्गल (Forest)

यस थुमी गा.वि.स. मा दक्षिणमा पतझर बिलाउने बुल्ध्यारो, साल, सिसौ, चिलाउने आदि पाइन्छ भने उत्तरी अग्ला भागमा समशितोष्ण सदावहार जंगल साथै विभिन्न जातमा जडीबुटी लोक्ता आदि पाइन्छ । **(VDC Profil, 2070)**

### ज. माटो (Soil)

थुमी गा.वि.स. मा वैदेशिक रोजगारीका साथै कृषि पेशालाई पनि अपनाएको पाइन्छ । यहाँ उत्पादन हुने बाली नालीहरुमा धान, मकै, गहुँ, आलु, मास, मट्टामास उखु र विभिन्न प्रकारका तरकारीहरु पनि उत्पादन गरिन्छ । फलफूलमा अम्वा, नासपती, सुन्तला, आलु, मेवा, केरा आदि जस्ता फलफूल पाइन्छ । **(VDC Profil, 2070)**

### ४.१.४ थुमी गा.वि.स. को आर्थिक अवस्था (Economic Status of the Thumi VDC)

यस गा.वि.स. मा शिक्षक, व्यापारी, कर्मचारी कृषि पेशामा संलग्न र अन्य पेशामा गरी जीउने मानिसहरुको बसोबास रहेको छ । यस गा.वि.स.मा सबै भन्दा बढी आय प्राप्त गर्ने व्यक्तिहरुमा कर्मचारी व्यापारी र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु रहेका छन् । यिनीहरुले नै धेरै बचत गर्ने गरेका छन् भने कृषि पेशामा संलग्न व्यक्तिहरुको आय पनि न्यून रहेको छ । यस गा.वि.स. कोआर्थिक अवस्था यस प्रकारको रहेको छ ।

**तालिका ४.४**

**घर परिवार आम्दानी व्यायको अवस्था - २०७२**

<table>
<tr><th>क.स</th><th>वार्षिक आय रु</th><th>परिवारको संख्या</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>PI EI I |सम्म|</td><td>OΛΠ|</td><td>OM%|</td></tr>
<tr><td>२</td><td>PI EI I |देखि|KPI EI I |सम्म|</td><td>ΛΓΣ|</td><td>ΛP%|</td></tr>
<tr><td>३</td><td>KPI EI I |भन्दा माथि|</td><td>ΣI |</td><td>Σ%|</td></tr>
<tr><td>जम्मा</td><td>|</td><td>ΣΣO|</td><td>KI I %|</td></tr>
</table>

स्रोतः VDC Profile, 2072

माथिको तालिकाबाट के थाहा हुन्छ भने ६२७ घर परिवारको वार्षिक आम्दानी रु ८0,000 सम्म ६३%, २७९ घर परिवारको वार्षिक आम्दानी रु ८0,000 देदी रु १,८0,000 सम्म २८% र ९० घर परिवारको वार्षिक आम्दानी रु १,८0,000 भन्दा बढी हुने देखिन्छ ।

**तालिका ४.५**

**घर परिवार वार्षिक खर्चको अवस्था - २०७२**

| क.स | वार्षिक खर्च (रु) | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | MEEH I I \|सम्म\| | ΞΠP\| | ΞP\|% |
| २ | MEEH I I \|देखि\|KKI EI I I \|सम्म\| | MNΣ\| | ME\|%\| |
| ३ | KKI EI I I \|भन्दा माथि\| | OΣ\| | Π\|%\| |
| जम्मा | \| | ΣΣQ\| | KI I %\| |

स्रोतः VDC Profile, 2072

माथिको तालिकाबाट के थाहा हुन्छ भने वार्षिक खर्च तर्फ ५७८, ५८% घरको वार्षिक खर्च रु ७०,००० सम्म खर्च हुने, ३४९ (३५%) घर परिवारको वार्षिक खर्च रु ७०,००० देखी १,५०,००० सम्म हुने र ६० (७%) घरको वार्षिक खर्च रु १,५०,००० भन्दा माथि खर्च गर्ने गरेको देखिन्छ ।

### ४.१.५ पेशाको आधारमा जनसंख्या (Population of VDC of Occupation)

यस थुमी गा.वि.स को पेशाको आधारमा जनसंख्याको अवस्थालाई तलको तालिकामा देखाएको छ । यस गा.वि.स. को पेशागत अवस्था अध्ययन गर्दा मानिसहरु कृषि, सेवा, व्यापार, वैदेशिक रोजगारमा संलग्न रहेको पाइयो । जसको सङ्ख्यात्मक तथा सोका प्रतिशत तलको तालिमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**थुमी गाउँ विकास समितिमा पेशागत हिसाबले जनसंख्या-२०७२**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४२११ | ७८.४% |
| सेवा | २३१ | ४.३% |
| व्यापार | ६४४ | १२% |
| वैदेशिक रोजगार | २८५ | ५.३% |
| जम्मा | २५३७१ | १००.०० |

स्रोतः VDC Profile, 2072

थुमी गाँउ विकास समितिमा पेशागत हिसाबले जनसंख्याको स्थिति हेर्दा कृषिमा ७८.४%, सेवामा ४.३ % व्यापारमा १२% वैदेशिक रोजगारमा ५.३% रहेको पाइयो ।

### ४.१.६ गा.वि.स. को धर्मको आधारमा जनसंख्या (Population of the VDC by Religion)

यस थुमी गा.वि.स को धर्मको आधारमा जनसंख्याको अवस्थालाई तलको तालिकामा देखाएको छ । नेपाल धार्मिक रुपमा धर्म निरपेक्ष राष्ट्र हो । थूमी गा.वि.स. मा पनि विभिन्न धर्म मान्ने मानिसहरु बसोबास गर्ने गरेको पाइयो । जसमध्ये हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन र अन्य धर्मालम्बीहरु बसोबास गर्न गरेको पाइयो ।

**तालिका ४.७**

**गा.वि.स. को धर्मको आधारमा जनसंख्या-२०७२**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३२६६ | ६०.८% |
| बौद्ध | ८२२ | १५.३% |
| इस्लाम | १०७ | २% |
| क्रिश्चियम | ८३७ | १५.६ |
| अन्य | ३३८ | ६.३ |
| जम्मा | ५३७१ | १००.०० |

स्रोतः VDC Profile, 2072

माथिको तथ्याङ्कलाई हेर्दा थुमी गा.वि.स. मा सबैभन्दा बढी हिन्दु धर्म मान्नेहरु ३२६६ जना जुन ६०.८ प्रतिशत हुन आउँछ र सबै भन्दा कम इस्लाम धर्म मान्नेहरु १०७ जना जुन २ प्रतिशत हुन आउँछ र अन्यमा ओम शान्ती सन्सङ्ग आदि केहि मात्रामा रहेका छन् ।

### ४.१.७ जातको आधारमा गा.वि.स.को जनसंख्या (Poplulation of the VDC by cast)

यस थुमी गा.वि.स को जनसंख्यालाई जातको आधारमा तलको तालिकामा देखइएको छ । नेपाल एक बहुजातिय राष्ट्र हो । त्यसैगरी थुमी गा.वि.स. मा पनि विभिन्न जातजातिका मानिसहरु बसोबास गर्ने गरेको पाइयो । जसमा बाह्मण, क्षेत्री, जनजाति, दलित, मुस्लिम जातको मानिसहरुको बसोबास गरेको पाइयो ।

**तालिका ४.८**

**जातको आधारमा गा.वि.स. को जनसंख्या**

| क्र.सं. | जातजाती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राम्हण | ५८९ | १०.०% |
| २. | क्षेत्री | १२०६ | २२.४% |
| ३. | जनजाती | १८६४ | ३४.७% |
| ४ | दलित | १६०४ | ३९.९% |
| ५. | मुस्लिम | १०७ | २% |
| जम्मा | | ५३७१ | १००.०० |

स्रोतः VDC Profile, 2072

जातका आधारमा घुमी गा.वि.स.को जनसंख्यालाई ५ भागमा विभाजन गरिएको छ । ब्राह्मण, क्षेत्री, दलित, जनजाति र मुस्लिम रहेकोमा सबैभन्दा बढी जनसंख्या जनजातिको रहेको छ जुन कूल जनसंख्याको ३४.७% प्रतिशत हुन आउँछ र सबै भन्दा कम जनसंख्या २ प्रतिशत मुस्लिम जातिको रहेको छ ।

## ४.२ नमुना छनोट क्षेत्रको जनसंख्याको अवस्था (Demographic Situation of Sampled Area)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका २०० घर धुरीमा परेका परिवार सदस्य संख्यालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.९**

**परिवार सदस्य संख्या २०७२ वैदेशिक रोजगारमा गएका घरधुरी**

| वडा नं. | जम्मा घर घुरी | वैदेशिक रोजगारमा गएका घरधुरी संख्या | वैदेशिक रोजगारी गएका जम्मा संख्या | नमुना छनोटमा परेको घरधुरी संख्या |
|---|---|---|---|---|
| ४ | ७७ | ३५ | ३९ | ३५ |
| ५ | २०० | ५० | ६६ | ५० |
| ६ | १८४ | ४५ | ४९ | ४५ |
| ७ | ९४ | ३० | ४२ | ३० |
| ८ | ७० | ४० | ६८ | ४० |
| जम्मा | ६२५ | २०० | २६४ | २०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा घर धुरीका आधारमा परिवारको सदस्य संख्यालाई देखाइएको छ । वैदेशिक रोजगारीमा गएका परिवार संख्या जम्मा २०० रहेको छ र त्यस घर घुरीबाट जम्मा २६४ जना वैदेशिक रोजगारीमा गएका छन् । नमुना छनौट गर्दा उद्देश्यमलक नमुना छनौटको आधारमा वडा नं. ४ बाट ३५, वडा नं. ५ बाट ५०, वडा नं. ६ बाट ४५, वडा नं. ७ बाट ३० र वडा नं. ८ बाट ४० गरी जम्मा २०० जनालाई लिएको छ ।

### ४.२.१ उमेरगत रुपमा वैदेशिक रोजगारीमा सहभागिता (Agewise Participation in Foreign Employment)

आर्थिक रुपले १५-५९ वर्ष सम्मलाई सकिय जनसंख्या मानिएता पनि १८ वर्ष उमेर नपुगी वैदेशिक रोजगारीमा आवेदन दिन नपाइने हुनाले १८ वर्ष माथिको उमेर समूहलाई मात्र अध्ययन समेटिएको छ । १८ वर्ष भन्दा माथिको र ४० वर्ष भित्रको उमेरको व्यक्तिले वैदेशिक रोजगारीमा आवेदन दिन पाए पनि कम्पनिको विश्वास जित्न सफल व्यक्तिको करार अवधि भने उक्त कम्पनिको हातमा रहने समेत भएकाले कतिपय ४० वर्ष माथिका व्यक्तिहरु वैदेशिक रोजगारीमा संलग्न भएको पाइएको छ । अध्ययन क्षेत्रमा उमेर गत संरचना अनुसार वैदेशिक रोजगारीमा सहभागिता देहायवमोजिम रहेको छ ।

**तालिका ४ .१०**

**उमेरगत रुपमा वैदेशिक रोजगारीमा सहभागिता-२०७२**

| क.स. | उमेर समूह | पुरुष | पुरुष % | महिला | महिला % | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १–५ | ΛΞ| | KΛHI| | MI | | KΛHO| | ΞΞ| | KΛHMI |
| २ | ६–१५ | ΛP| | KMHE| | ME| | KNHO| | OMI | KNHΛ| |
| ३ | १६–२५ | NΣ| | ΛMHO| | ΞI | | ΛI HΣ| | ΣΣ| | ΛΛHΛ| |
| ४ | २६–४० | MP| | KPHMI | NI | | KOHI| | ΓP| | KΓHN| |
| ५ | ४१–६० | ME| | KΓHP| | NΞ| | KPHP| | PI | | KΓHΣ| |
| ६ | OI |देखि माथि| | MMI | KΞHΣ| | MΣ| | KOHMK| | ΓΛ| | KOHK| |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार अध्ययन समाविष्ट घर परिवारको कूल संख्या ४४७ रहेको छ । १-५ वर्ष उमेर समूहका ५५ जना, ६ देखि १५ वर्ष उमेर समूहमा जम्मा ६३ जना १६ देखि २५ को ९९ जना, २६ देखि ४० को ७८ जना र ४० देखि ६० सम्म उमेर समूहको ८०

जना र ६० देखि माथि उमेर समूहको जम्मा ७२ जना उमेर समूहको पाइयो । सबैभन्दा बढी जनसंख्या १६-२५ वर्ष उमेर समूहको पाइयो ।

### ४.२.३ नमुना छनौटमा परेका वैदेशिक रोजगारीमा गएका कामदारहरु (People include in Sampling selection returned foreign Employment)

यस अध्ययन क्षेत्रमा ५ वटा राष्ट्रहरु साउदी अरब, कतार, दुवाई, मलेसिया र ओमन गएका व्यक्ति र त्यहाँबाट फर्किएका २०६६ देखि २०६९ सम्मको तथ्याङ्कलाई समावेश गरिएको छ । २०६६ बैशाख देखि २०६९ चैत्र मासान्त सम्म वैदेशिक रोजगारीमा गएका २६४ जना बाट ७५ प्रतिशत पर्ने गरी २०० जनालाई समेटिएको छ । जसलाई तालिका देखाइएको छ ।

**तालिका ४ .११**

**वैदेशिक रोजगारीमा गएका कामदारहरु-२०७२**

| देश | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| साउदी अरब | ४२ | ५ | ४७ | २३.७२% |
| कतार | ३६ | – | ३६ | १७.७९ % |
| दुवई | ३४ | ५ | ३९ | १९.४९ % |
| मलेसिया | ६१ | – | ६१ | ३०.५० % |
| ओयन | १७ | – | १७ | ८.४७०% |
| जम्मा | १९० | १० | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार सबैभन्दा बढी ३०.५० प्रतिशत मलेसिया गएको पाइयो । त्यसपछि साउखी अरब २३.७२%, दुवई मा १९.४९ %, कतारमा १७.७९ % र ओमन मा सबै भन्दा कम ८.४७ % गएको पाइयो ।

### ४.२.४ कामदारको उमेर (Participate Age)

थुमी गाउँ विकास समितिका नमुना छनोटमा परेका वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको उमेर १८ वर्ष देखि ४९ वर्ष सम्मका युवा युवती र वयस्कहरु रहेका छन् ।

नमुना छनोटमा परेका व्यक्तिहरुको जुन वैदेशिक रोजगारीमा गएका छन् । तिनीहरुको उमेरगत विवरणलाई तल दिइएको छ ।

**तालिका ४.१२ .**

**सहभागीहरुको उमेरगत विवरण**

| क्र.स. | उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १८–२६ | ४९ | २४.५७ % |
| २ | २६–३५ | ७६ | ३८.१३ % |
| ३ | ३५–४० | ५१ | २५.४२ % |
| ४ | ४०–४९ | २४ | ११.८६ % |
| जम्मा | | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

स्थलगत सर्वेक्षण अनुसार नमुना छनोटमा परेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको उमेरगत विवरणमा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ३८.१३ प्रतिशत रहेका छन् । त्यस्तै १८ देखि २६ वर्ष उमेर समूहका २४.५७%,  ३५ देखि ४० उमेर समूहका २५.४२ %, ४० देखि ४९ उमेर समुहका ११.८६ प्रतिशत रहेको छन् ।

### ४.२.५ वैवाहिक स्थिति (Martial Status)

वैदेशिक रोजगारीमा गएका युवा युवतीहरुको वैवाहिक स्थिति के छ? विवाहित छन् वा अविवाहित भन्ने विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**वैदेशिक रोजगारीमा सहभागिको वैवाहिक स्थिति-२०७२**

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | १२२ | ३१ | ४ | २ | १२६ | ६३ |
| अविवाहित | ५८ | २९ | १६ | ८ | ७४ | ३७ |
| जम्मा | १८० | ९० | २० | १० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा बमोजिम अध्ययनको सीमा भित्रको देशमा रोजगारीको लागि जाने अधिकांश विवाहित रहेको देखिन्छ । जस अनुसार वैदेशिक रोजगारीमा संलग्न मध्ये ६३ प्रतिशत विवाहित अवस्थामा वैदेशिक रोजगारीमा संलग्न रहेका छन् भने ३७ प्रतिशत अविवाहित रहेरै वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ।

### ४.२.६ जातिगत विवरण (Castewise Description)

थुमी गा.वि.स.मा वैदेशिक रोजगारीमा गएर फर्किएका नमुना छनौटमा परेका कामदारहरु कुन- कुन जातका रहेछन् भन अध्ययन गर्ने क्रममा निम्न जात जातिको अवस्था देखियो जसलाई तलको तालिकामा राखिएको छ ।

**तालिका ४.१४**

**वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको जातीगत विवरण २०७२**

| जातजाति | पुरुष | महिला | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ब्राम्हण | ४२ | – | ४२ | २१.१ |
| क्षेत्री | ४६ | – | ४६ | २२.८ |
| दलित | २२ | ३ | २५ | १२.७ |
| जनजाति | ६४ | ७ | ७१ | ३५.८ |
| मुस्लिम | १६ | – | १६ | ८.४७ |
| जम्मा | १९० | १० | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

स्थलगत सर्वेक्षण अनुसार नमुना छनौटमा परेका व्यक्तिहरुमा सबैभन्दा बढी जनजाति ३५.८ प्रतिशत, क्षेत्री २२.८ प्रतिशत, ब्राह्मण २१.१ प्रतिशत, दलित १२.७ प्रतिशत र मुस्लिम ८.४७ प्रतिशत रहेको छ । जसबाट प्रष्ट हुन्छ कि जनजाति सवैभन्दा बढी वैदेशिक रोजगारीका लागि जाने गरेको पाइयो ।

## ४.३ आर्थिक अवस्था (Economic Condition)

यस अधययनको नमुना छनौटमा परेका वैदेशिक रोजगारीका लागि गएका व्यक्तिहरुको आर्थिक अवस्थाको अध्ययन र विश्लेषण गर्नु यो अनुसन्धानको प्रमुख उद्देश्य

हो । यस अध्ययन मा २०६६ देखि २०६९ सम्म वैदेशिक रोजगारीमा  गएका वा फर्किएका व्यक्तिहरुको आम्दानी खर्च र बचतको सर्वेक्षण गरिएको छ । वास्तवमा बैदेशिक रोजगारीको आर्थिक अवस्थामा के कस्ता सुधार ल्याउन सक्यो वा सकेन भन्ने कुरा यस अध्ययनमा केलाउन खोजिएको छ ।

### **४.३.१ विदेश जानु भन्दा पहिलेको पारिवारिक आय (Family Earning before the Foreign Employment)**

यस अध्ययनको नमुना छनौटमा परेको जनसंख्या वैदेशिक रोजगारीमा जानु पूर्व कृषि, व्यापार, जागिर, उद्योग जस्ता पेशामा संलग्न भई आम्दानी गरेको पाहयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**õ पेशागत अवस्था**

**तालिका ४.१५**

**वैदेशिक रोजगारमा जानु अघि विभिन्न पेशाको आधारमा मा वार्षिक आम्दानी**

| क्र.सं. | पेशा | वैदेशिक रोजगारीमा जानु अघिको आय (रु) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ८६,००,००० | ४७.२ |
| २. | व्यापार | ३०,७६,००० | १६.८ |
| ३. | जागिर | २५,००,००० | १३.७ |
| ४ | उद्योग | ४०,३५,००० | २२.१ |
| | कुल आम्दानी | १८,२११,००० | १००.० |
| | औसत आम्दानी | ९१०५५ | |

स्रोतः VDC Profile, 2072

माथिको तालिका अनुसार नमुना छानेटमा परेको घरधुरीको क्षेत्रगत परिवारिक वार्षिक आम्दानी हेर्दा सवैभन्दा बढी आम्दानी कृषि क्षेत्रको रु ८६,००,००० ४७.२% रहेको छ । त्यसै गरी व्यापारबाट रु ३०,७६,००० १६.८%, जागिर बाट रु २५,००,००० १३.७२%, अन्यबाट रु ४०,३५,००० २२.१% र औसत आम्दानी ९१,०५५ देखिन्छ ।

### õ स्रोतगत आय

परिवारका सदस्यहरुको आधारभूत आवश्यकता, परिपूर्ति गर्नको लागि आम्दानी अनिवार्य शर्त हो । परिवारको मुख्य आयस्रोतको प्रत्येक व्यक्तिको जीवनशैली तथा जीवनस्तरमा प्रभाव पारेको हुन्छ । यस अध्ययनमा सहभागीहरुको वैदेशिक रोजगारीमा जानुभन्दा अघिको पारिवारिक आम्दानीको स्रोतलाई देखाइएको छ ।

**तालिका ४.१६**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी-२०७२**

| क.सं. | स्रोतहरु | आम्दानी रु मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि उत्पादन | ९०,००,०००/- | ४६.८ |
| २ | व्यापार व्यवसाय | ४०,३५,०००/- | २१.१ |
| ३ | स्वदेशी रोजगारी | ३१,००,०००/- | १६.१ |
| ४ | घरेलु उद्योग | ३०,७६,०००/- | १६ |
| | कुल आम्दानी | १,९२,११,०००/- | १०० |
| | औषत आम्दानी | ९६,०५५/- | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा स्रोतगत पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । वैदेशिक रोजगारीमा जानुभन्दा पहिले प्राप्त हुने आयको स्रोतलाई देखाइएको छ । जसमा कृषि उत्पादनबाट सबैभन्दा बढी आम्दानी रु ९०,००,०००/- छ भने व्यापार व्यवसायबाट रु ४०,३५,०००/-, स्वदेशी रोजगारीबाट रु ३१,००,०००/- घरेलु आम्दानीबाट रु ३०,७६,०००/- गरी कूल आम्दानी, १,९२,११,०००/- र औषत आम्दानी ९६,०५५/- रहेको पाइयो ।

### õ तहगत आय (Levelwise Income)

थुमी गा.वि.स. को प्रमुख आम्दानीको स्रोत कृषि भएता पनि शिक्षक, प्रहरी, कर्मचारी तथा वैदेशिक रोजगारी पेशमा आवद्ध भएका मानिसहरुको पनि बसोबास उल्लेख्य रहेको छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ ।

### तालिका ४.१७

### तहगत पारिवारिक वार्षिक आम्दानी-२०७२

| क्र.सं. | वार्षिक अम्दानी | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-६०,००० | ५० | २५ |
| २ | ६०,०००-१,३०,००० | १२० | ६० |
| ३ | १३,०००-१,८०,००० | ३० | १५ |
| | जममा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा तहगत पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । ०-६०,००० सम्म, आम्दानी गर्ने परिवार ५० रहेको छ भने ६०,०००-१,३०,००० सम्म आम्दानी गर्ने घरपरिवार १२० घरपरिवार र १,३०,०००-१,८०,००० सम्म आम्दानी गर्ने घरपरिवार ३० रहेको पाइयो ।

### ४.३.२ विदेश जानु भन्दा पछिको पारिवारिक आम्दानी (Family Earning after the Foreign Employment)

यस अध्ययन क्षेत्रमा रहेमा घरपरिवारले वैदेशिक रोजगारी पश्चात देहाय वमोजिमका क्षेत्रबाट निम्न वमोजिम आय प्राप्त गर्ने गरेको पाइयो जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**õ पेशागत अवस्था**

### तालिका ४.१८

### वैदेशिक रोजगारी पश्चात पेशागत आम्दानी - २०७२

| क्र.सं. | आम्दानीको क्षेत्र | वैदेशिक रोजगारीमा गई प्राप्त गरेको आय (रु) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | १,१५,३५,००० | १३ |
| २. | नोकरी | १,३६,४१,००० | १४ |
| ३. | खुद्रा व्यापार | १,०५,००,००० | ११ |
| ४ | वैदेशिक रोजगारी | ४,८०,९६,००० | ५०.६ |
| ५. | अन्य | १,१२,०४,००० | ११.४ |
| | कूल आम्दानी | ९,४९,७६,००० | १०० |
| | औसत आम्दानी | ४,७४,८८० | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार नमुना छनौटमा परेको घरधुरीको क्षेत्रगत पारिवारिक वार्षिक आम्दानि हेर्दा सवैभन्दा वढी वैदेशिक रोजगारीबाट प्राप्त गरेको पाइयो । जून कूल आम्दानीको ५०.६% रहेको पाइयो । त्यसैगरी सबैभन्दा कम खुद्रा व्यापारबाट प्राप्त भएको देखियो जून कूल आम्दानीको २१ प्रतिशत रहेको पाइयो ।

## õ स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरुको पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा सहभागी हुनेहरुको आम्दानीमा विविधता रहेको पाइन्छ । समग्रमा उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरुको गर्ने आम्दानीलाई जोडेर उनीहरुको पारिवारिक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**वैदेशिक रोजगार पछिको स्रोतगत पारिवारिक आम्दानी -२०७२**

| क्र.सं. | आम्दानीका स्रोतहरु | आम्दानी रु | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २६,२०,०००/- | ३.२८ |
| २ | व्यापार व्यवसाय | ८०,००,०००/- | १०.०३ |
| ३ | स्वदेशी रोजगारी | ३५,४०,०००/- | ४.४४ |
| ४ | घरेलु उद्योग | १६,४०,०००/- | २.०६ |
| ५ | वैदेशिक रोजगारी | ६,४०,००,०००/- | ८०.२० |
|  | जम्मा | ७,९८,००,०००/- | १०० |
| औषत प्रतिव्यक्ति आम्दानी | | ३,९९,००० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा वैदेशिक रोजगार पछिको पारिवारिकको स्रोतगत वार्षिक तथा आम्दानीको स्रोतलाई देखाइएको छ । तालिका अनुसार सबैभन्दा वैदेशिक रोजगारीबाट आम्दानी भएको देखिन्छ । यसमा वार्षिक रु ६,४०,००,०००/- (८०.२०%) आम्दानी भएको देखिन्छ । त्यसैगरी घरेलु उद्योगबाट रु १६,४०,०००/- (२.०६%) आम्दानी भएको देखिन्छ ।

यस प्रकार कुल २०० घर पविारको वार्षिक आम्दानी रु ७,९८,००,०००/- छ भने औषत आम्दानी रु ३,९९,०००/- रहेको छ ।

## õ तहगत व्यक्तिगत आम्दानी (Levelwsie Income)

रोजगारदाता देशहरुले आफ्नो नियम, कानुन तथा क्षमता अनुसार ज्यालादर निर्धारण गरिएको हुन्छ । यस प्रकार देशहरुको विविधता अनुसार ज्याला पनि फरक फरक पाइन्छ । यूरोपियन देशहरुको तुलनामा मलेसिया, कतार, साउदी अबर, दुबई, कुवेत जस्ता देशहरुमा नेपाली कामदारको ज्याला कमी छ । कामको प्रकृतिक तथा कम्पनी अनुसार पनि ज्यालादर फरक पर्न जान्छ । त्यसैगरी दलालको बदमासीको कारणले पपनि तलब कम हुने गुनासोहरु प्रशस्त हुने गरेको छ । यद्यपी कतिपयले राम्रो आम्दानी पाउने गरेको पाइन्छ । नमुना छनोटमा परका घरपरिवारको वार्षिक तहगत आम्दानीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**तहगत व्यक्तिगत आम्दानी-२०७२**

| क्र.सं. | वार्षिक आम्दानी रु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०००००-२००००० | २८ | १४ |
| २ | २०००००-३००००० | ७० | ३५ |
| ३ | ३००००० -४००००० | ७६ | ३८ |
| ४ | ४००००० -५००००० | २६ | १३ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा तहगत व्यक्तिगत आम्दानी देखाइएको छ । तालिका अनुसार रु १,००,००० देखि रु २,००,००० सम्म वार्षिक आम्दानी गर्ने २८ पजना वा १४ प्रतिशत रहेको पाइयो । त्यसैगरी रु ५,००,००० देखि रु ३,००,००० सम्म वार्षिक आम्दानी गर्ने ७० जना वा ३५ प्रतिशत रहेको पाइयो । रु ३,००,००० देखि रु ४,००,००० सम्म आम्दानी गर्ने ७६ जना वा ३८ प्रतिशत रु ४,००,००० देखि रु ५,००,००० सम्म आम्दानी गर्ने २६ जना वा १३ प्रतिशत रहेको पाइयो ।

### ४.३.३ वैदेशिक रोजगारीमा जानु पर्व र वैदेशिक रोजगारीमा गएर अपनाइएको व्यक्तिगत पेशा

नमुना छनोटमा परेका व्यक्तिहरुको नेपालमा कुन पेशा अपनाएका थिए र विदेशमा कुन पेशा अपनाएका थिए भन्ने कुरातलको तालिकामा देखाइएको छ । नेपालमा कृषि, व्यापार, जागिर र उद्योगमा काम गरेको व्यक्तिहरु विदेश गएपछि होटल, कलकारखाना, घरेलु क्षेत्र र निर्माण क्षेत्रमा काम गर्ने गरेको पाइयो ।

**तालिका ४.२१**

**वैदेशिक रोजगारीमा जानु पूर्व र वैदेशिक रोजगारीमा गएर अपनाइएको व्यक्तिगत पेशा-२०७२**

| वैदेशिक रोजगारीमा जानु पूर्व | | | | विदेशमा अपनाइएको पेशा | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | पेशा | व्यक्ति संख्या | प्रतिशत | पेशा | व्यक्ति संख्या | प्रतिशत |
| १ | कृषि | १२४ | ६२ | होटल | ५२ | २६ |
| २ | व्यापार | २४ | ११.८ | कलकारखाना | ६४ | ३२.२० |
| ३ | जागिर | ४० | २०.३ | घरेलु क्षेत्र | २५ | २० |
| ४ | उद्योग | १२ | ५.९ | निर्माण क्षेत्र | ४४ | २२.०३ |
| जम्मा | | २०० | १००.० | | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा नमुना छनोटमा परेका व्यक्तिहरुले वैदेशिक रोजगारीमा जानु पहिला र पछि कुन कुन पेशा अपनाएका थिए भन्ने देखाइएको छ । वैदेशिक रोजगारीमा जानु पूर्व कृषिमा ६२ प्रतिशत, व्यापारमा ११.८ प्रतिशत, जागिरमा २०.३ प्रतिशत र उद्योगमा ५.९ प्रतिशत संलग्न पाइयो । वैदेशिक रोजगारीमा होटल २६ प्रतिशत, कलकारखानामा ३२.२० प्रतिशत, घरेलु क्षेत्रमा २० प्रतिशत र निर्माण क्षेत्रमा २२.०३ प्रतिशत संलग्न रहेको स्थलगत सर्वेक्षणको आधारमा तयार पारिएको तथ्याङ्कबाट पुष्टि भयो ।

यसरी तथ्याङ्कको आधारमा वैदेशिक रोजगारीमा जानु पूर्व सबैभन्दा बढी कृषिमा र सबै भन्दा कम उद्योगमा संलगन रहेको पाइयो । वैदेशिक रोजागरीमा सबैभन्दा बढी कलकारखानामा र कम घरेलु क्षेत्रमा लागेको पाइयो ।

### ४.३.४ वैदेशिक रोजगारीमा जानु अघि र पछिको तहगत आम्दानी विवरण (Revenue the foreign employment)

अध्ययनको नमुना छनौटमा परेका व्यक्तिहरुको प्रति व्यक्ति आम्दानी समग्रमा अध्ययन गरिएको भए पनि ति व्यक्तिहरुको वैदेशिक रोजगारीमा जानु अघि प्रतिव्यक्ति औसत आम्दानी कति थियो भन्ने आम्दानी विवरण तलको तथ्याङ्कमा देखाइएको छ ।

**तालिका ४.२२**

**वैदेशिक रोजगारीमा जानु अघिको आम्दानी अवस्था २०७२**

| क्र.स. | वार्षिक आम्दानी (रु) हजारमा | वैदेशिक रोजगारीमा जानु अघि | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | ०- ६०,००० सम्म | ७७ | ३८.३ |
| २ | ६०,०००-१,००,००० सम्म | ५६ | २८.२ |
| ३ | १,००,०००-१,५०,००० सम्म | ३८ | १९ |
| ४ | १,५०,०००-२,५०,००० सम्म | २९ | १४.४ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

नमुना छनौटमा परेको व्यक्तिहरुको वर्षिक आम्दानी तहगत रुपमा माथिको तालिकामा देखाइएको छ । जसमा ०-६०,००० सम्म आम्दानी हुने ३८.३ प्रतिशत, ६०,०००-१,००,००० सम्म आम्दानी हेन २८.२ प्रतिशत, १,००,०००-१,५०,००० सम्म आम्दानी हुने १९ प्रतिशत र १,५०,०००-२,५०,००० सम्म आम्दानी हुने १४.४ प्रतिशत वैदेशिक रोजगारीमा जानु अघि आम्दानी हुने १४.४ प्रतिशत वैदेशिक रोजगारमा जानु अघि आम्दानी रहेको छ ।

## तालिका ४.२३

## वैदेशिक रोजगारीमा जानु पछिको आम्दानी अवस्था २०७२

| क्र.स. | वार्षिक आम्दानी (रु हजारमा) | वैदेशिक रोजगारमा गएपछिको | |
|---|---|---|---|
| १. | १,५०,०००-२,५०,००० सम्म | ४२ | २१ |
| २. | २,५०,०००-६,००,००० सम्म | १२७ | ६३.५ |
| ३. | ६,००,०००-९,००,००० सम्म | २२ | ११.२ |
| ४. | ९,००,०००-१२,००,००० सम्म | ९ | ४.३ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

वैदेशिक रोजगारीमा गए पछि १,५०,०० देखी २,५०,००० सम्म २१ प्रतिशत, २,५०,००० देखी ६,००,००० सम्म ६३.५ प्रतिशत ६,००,००० देखी ९,००,००० सम्म ११.२ प्रतिशत र ९,००,००० देखी १२,००,००० सम्म आम्दानी गर्ने ४.३ प्रतिशत रहेको पाइयो ।

### ४.३.६ वैदेशिक रोजगार पूर्वको क्षेत्रगत खर्च (Foreign Employment before Sectorwise Expenditure)

नमुना छनौटमा परेका व्यक्तिहरुको वैदेशिक रोजगारीमा गए पछि र जानु भन्दा पहिला शिक्षा, स्वास्थ्य चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्ने, गरेको पाइायो उनीहरुको कुल आम्दानीबाट कुन कुन क्षेत्रमा कति कति खर्च गरेका छन् भनी गरिएको सर्वेक्षण अनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२४

## क्षेत्रमा आधारमा वर्षिक खर्च विवरण

| क्र.स. | खर्च विवरण | वैदेशिक रोजगारीमा जानु पहिलाको खर्च | |
|---|---|---|---|
| | | रकम (रु) | प्रतिशत |
| १ | उपभोग | १६३२८६४७ | ६२.३ |
| २ | शिक्षा | २०४७६७३ | ७.८ |
| ३ | स्वास्थ्य | २०४७६४३ | ७.८ |
| ४ | चाडपर्व | १७३२६२१ | ६.६ |
| ५ | अन्य | ४०९५२८७ | १५.६ |
| | कुल खर्च | २६२७८०९३ | १००.० |
| | प्रतिव्यक्ति औसत खर्च | १३१३९० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा वैदेशिक रोजगारीमा जानु अघिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा जानु पूर्व उपभोगमा ६२.३ प्रतिशत, शिक्षामा ७.८ प्रतिशत, स्वास्थ्यमा ७.८ प्रतिशत, चाडपर्वमा ६.६ प्रतिशत अन्य खर्च यस्तो रह्यो, उपभोगमा ४२.४ प्रतिशत, शिक्षामा १२.१ प्रतिशत, स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्यमा ९.१ प्रतिशत रहेको पाइयो ।

वैदेशिक रोजगारीमा जानु पूर्व र पछि पनि सबै भन्दा बढी खर्च हुने क्षेत्र उपभोग पाइयो र अनय खर्चको क्षेत्रहरुमा पनि वैदेशिक रोजगारी पूर्व कम र वैदेशिक रोजागरी पछि बढी खर्च भएको पाइयो त्यसैले त वैदेशिक रोजगारी पूर्व खर्च कूल २६२७८०९३ थियो भने वैदेशिक रोजगारी पश्चात ९१२३५८०० मा वृद्धि भएको पाइयो ।

### ४.३.७ तहगत खर्च (Levelwise Expenditure)

अधययनको नमुना छनौटमा परेको जनसंख्या जून वैदेशिक रोजगारीबाट फर्किएको छन् । तिनीहरुको खर्चलाई सर्वेक्षण गरी तहगत रुपमा तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**तहगत वार्षिक खर्चको अवस्था**

| क.स. | तहगत खर्च हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००–१४० | ६० | ३०.५ |
| २ | १४०–१८० | ५४ | २७.१ |
| ३ | १८०–२१० | ५१ | २५.४ |
| ४ | २१०–२५० | २० | १० |
| ५ | २५० माथि | १५ | ६.७ |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यस अध्ययनको नमुना छनोटमा परेको व्यक्तिहरुको तहगत खर्चको अवस्थालाई माथिको तालिकामा देखाइएको छ । जसमा १००-१४० हजार सम्म खर्च गर्ने ३०.५ प्रतिशत, १४०-१८० हजार सम्म खर्च गर्ने २७.१ प्रतिशत, १८०-२१० हजार सम्म खर्च गर्ने २५.४ प्रतिशत, २१०-२५० हजार सम्म खर्च गर्ने १० प्रतिशत, २५० देखि माथि खर्च गर्ने पनि ६.७

प्रतिशत जना नै रहेका छन् जसको आय तुलनात्मक रुपमा बढी छ तिनीहरुले नै बढी खर्च गर्ने गरेको पाइयो ।

## ४.३. वैदेशिक रोजगारी पश्चात्को खर्च (Foreign Employment after the Expenditure)

वैदेशिक रोजगार पश्चात्को खर्चमा विशेष गरी उपभोग, शिक्षा, स्वास्थ्य र मनोरञ्जना खर्च गर्ने गरेको पाइयो । जसलाई तलको तालिकाद्वारा देखाइएको छ ।

### Õ क्षेत्रगत खर्च (Sectorwise Expenditure)

वैदेशिक रोजगार पश्चात्को क्षेत्रगत खर्च कुन कुन क्षेत्रमा भएका छ भनेर तलको तालिकामा देखाइएको छ । शिक्षा स्वास्थ्य, मनोरञ्जन र चाडपर्वमा खर्च गर्ने गरेको पाइयो ।

**तालिका ४.२६**

**वैदेशिक रोजगार पश्चात्को क्षेत्रगत**

| क्र.सं. | खर्चको विवरण | वैदेशिक रोजगार गएपछिको खर्च | |
|---|---|---|---|
| | | रकमहरु | प्रतिशत |
| १ | उपभोग | ३,८६,८३,९७९ | ४२.४ |
| २ | शिक्षा | १,१०,३९,५३७ | १२.१ |
| ३ | स्वास्थ्य | ५५,७५,३८३ | ६.१ |
| ४ | चाडपर्व | २,७४,६१,९७५ | ३०.३ |
| ५ | अन्य | ८३,०२,४५७ | ९.१ |
| | कुल खर्च | ९,१२,३५,८०० | १०० |
| प्रतिव्यक्ति औषत खर्च | | ४,५६,१७९ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा वैदेशिक रोजगारीमा जानु पछिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा गए पश्चात् उपभोगमा ४२.४ प्रतिशत शिक्षामा १२.१ प्रतिशत, स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्य खर्चमा ९.१ प्रतिशत रहेको पाइयो ।

õ तहगत खर्च (Level wise expenditure)

वैदेशिक रोजगारमा गएपश्चात्को व्यक्तिहरको तहगत खर्च कस्तो रहेको छ भनेर सर्वेक्षण गरिएको छ । वैदेशिक रोजगार गए पश्चात्को तहगत खर्चलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**वैदेशिक रोजगार पश्चातको तहगत खर्च-२०७२**

| क्र.सं. | तहगत खर्च हजारमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०००००-२००००० | ४२ | २१ |
| २ | २०००००-३००००० | १२७ | ६३.५ |
| ३ | ३०००००-४००००० | २२ | ११.२ |
| ४ | ४०००००-५००००० | ९ | ४.३ |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका अनुसार वैदेशिक रोजगार गए पश्चात्को रु १,००,०००-२,००,००० सम्म खर्च र्गे ४२ जना अथवा २१ प्रतिशत, २,००,०००-३,००,००० सम्म १२७ जना वा ६३.५ प्रतिशत, ३,००,०००-४,००,००० सम्म २२ जना वा ११.२ प्रतिशत र ४,००,००० - ५,००,००० सम्म खर्च गर्ने ९ जना वा ४.३ प्रतिशत रहेको पाइयो ।

### ४.३.८ तहको आधारमा वार्षिक बचत अवस्था (Saving on the Basics of Level)

नमुना छनौटमा परेका व्यक्तिहरुको वार्षिक आम्दानीबाट कति खर्च गरी बचत गर्न सकेका रहेछन् भन्ने कुरा स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधारमानि तलको तालिकामा देखाइएको छ ।

तालिका ४.२८

क्षेत्रमा आधारमा वर्षिक बचत विवरण

| क्र.स. | वार्षिक बचत (हजारमा) | वैदेशिक रोजगारीमा जानु पहिले मासिक खर्च | | वैदेशिक रोजगारीमा गए पछि मासिक खर्च | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ०-६ | २०० | १०० | २४ | ११.८ |
| २ | ६-१२ | - | - | ८० | ३९.८ |
| ३ | १२-१६ | - | - | ७६ | ३८.१ |
| ४ | १६-२० | - | - | २० | १०.१ |
| जम्मा | | २०० | १०० | २०० | १०० |
| जम्मा वार्षिक बचत प्रतिव्यक्ति बार्षिक | | ४५८६७२ | - | - | १७३२८००० |
| औसत बचत | | ४३२८ | | | १६३४७२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार वैदेशिक रोजगारी मा जानु पहिला ०-६ हजार सम्म बचत गर्ने नमुना छनौटमा परेका सबै ११८ जाने रहेका छन् । जहाँ जसमा वार्षिक बचत ४५८६७२ र प्रतिव्यक्ति औसत बचत ४३२८ रहेको पाइयो । यसरी बचत कम हुनुको कारण प्रतिव्यक्ति आयनै कम हुनु जून हात मुख जोर्न नै हुनु प्रमुख कारण रहेको पाइयो । तुलनात्मक रुपमा हेर्दा स्वदेशको आम्दानी र विदेहीको आम्दानीमा धेरै नै अन्तर देखियो । वैदेशिक रोजगारमा गए पछिको जम्मा बचत १७३२२८००० र प्रतिव्यक्ति औसत बचत १६३४७२ पाइयो ।

यस अनुसन्धानमा नमुना छनौटमा परेका व्यक्तिहैका स्वदेशको आम्दानी विदेशको आम्दानी, परिवारको लागि र गरेको खर्च मात्र विश्लेषण गरिएकोले ऋणको अवस्था र परिवारका अनय सदस्यहरुको आम्दानी जस्ता कुरालाई समावेश गरिएको छैन ।

## ४.४ नमूना छनोट क्षेत्रको शैक्षिक अवस्था (Educational Condition of Sample Survey Area)

नमुना छनौटमा परेका कामदारहरुको शैक्षिक अवस्थाको सर्वेक्षण गर्दा, प्रा.वि., नि.मा.वि. र उच्च शिक्षामा विभाजन गरिएको छ । कुन तह उत्तीर्ण कतिले गरेका थिए भन्ने विवरण तलको तालिकाबाट देखाइएको छ ।

### ४.४.१ तहगत शैक्षिक अवस्था (Levelwise Education Condition)

**तालिका ४.२९**

**तहगत शैक्षिक अवस्था-२०७२**

| क्र.स. | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | - | - | - | - |
| २ | प्राथमिक शिक्षा | ३६ | ४ | ४० | २०.० |
| ३ | निम्न माध्यमिक शिक्षा | १०६ | ६ | ११२ | ५५.९ |
| ४ | माध्यमिक शिक्षा | २७ | - | २७ | १३.५ |
| ५. | उच्च शिक्षा | २१ | - | २१ | १०.१ |
| | जम्मा | १०८ | १० | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधार बनाएर विश्लेषण गर्दा नमुना छनौटमा परेको वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको शैक्षिक अवस्था यसै रहेको पाइयो । निरक्षर कोहि पनि नभएको , प्राथमिक शिक्षा पूरा गर्ने पुरुष ३६ र महिला ४ जना गरी जम्मा ४० जना को २०%, निम्न माध्यमिक शिक्षा पूरा गर्ने सबैभन्दा बढी १०६ जना पुरुष र ६ जना महिलाको ५५.९ प्रतिशत त्यस्तै माध्यमिक शिक्षा पूरा गर्ने २७ पुरुष को १३.५ प्रतिशत र सबै भन्दा कम उच्च शिक्षा पूरा गर्ने व्यक्तिहरु २१ जनाको १० प्रतिशत पाइयो ।

### ४.४.१ निजी र सरकारी विद्यालयमा अध्ययनरत बालबालिका (Educational Condition of Government and Private School's Study)

यस अध्ययनमा नमुना छनौटमा परेको व्यक्तिहरुको स्थलगत सर्वेक्षणका आधारमा विश्लेषण गर्दा जम्मा २०० मा वैवाहिक जीवनमा बाधिएका ८२ जना रहेका छन् । उनीहरुको बाल

बालिकाको शैक्षिक अवस्था कस्तो छ ? कुन स्कुल? निजी वजा सरकारी कुन मा अध्ययनरत छ? भन्ने कुरा तलको तथ्याङ्क तालिकामा देखाइएको छ ।

**तालिका ४.३०**

**शैक्षिक अवस्था सम्बन्धी विवरण-२०७२**

| क्र.स. | विवरण | वैदेशिक रोजगारीमा जानु पूर्व | | | वैदेशिक रोजगारीमा गए पछि | | |
|---|---|---|---|---|---|---|---|
| | | नमुना छनौटमा परेको संख्या | बाल बालिकाको संख्या | प्रतिशत | नमुना छनोटमा परेका संख्या | बालबालिकाको संख्या | प्रतिशत |
| १ | सरकारीमा जाने | ७० | ८५ | ८९.४ | ४० | ३५ | ४२.६ |
| ३ | निजीमा जाने | १२ | १० | १०.६ | ४२ | ४७ | ५७.३ |
| | जम्मा | ८२ | ९५ | १०० | ८२ | ८२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि नमुन छनौटमा परेका विवाहितहरुको संख्या ८२ मा उनीहरुको सन्तान ९५ जना रहेको छन् । वैदेशिक रोजगारी मा जानु पूर्व आर्थिक अवस्था कमजोर हुनाका कारण जम्मा १० जना बालबालिका मात्र निजी स्कुलको गुणस्तर युक्त शिक्षा लिन पाएका छन् र अरु ८५ जना ८९.४ प्रतिशत सरकारी स्कुलमानै पढेको पाइयो । वैदेशिक रोजगारीमा गए पश्चात उनीहरुका ४२.६ र निजीमा ५७.४ प्रतिशतले शिक्षा लिन थालेको पाइयो ।

निष्कर्षमा भन्न सकिन्छ कि आर्थिक अवस्था सुधार सँगै शिक्षाको गुणस्तरमा पनि सुधार आएको पाइयो । कतिपय अभिभावक आर्थिक अवस्थामा सुधार आए पनि छोराछोरी सरकारी स्कुल मानै पढाउनुको कारण शिक्षा प्रति सकारात्म सोच नहुनु, सरकारी स्कुल पढ्नेले पनि मेहेनत गर्दा राम्रो हुन सक्छन् भने धारणा रहेको पाइयो ।

### ४.४.३ बालबालिकाहरुको तहगत शैक्षिक विवरण (Level wise Educational Condition of Children)

अध्ययन क्षेत्रको नमुना छनौटमा परेको बालबालिकाहरुको तहगत शैक्षिक अवस्थालाई स्थलगत सर्वेक्षणको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३१**

**बालबालिकाहरुको तहगत शैक्षिक विवरण, २०६९**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि | ४५ | ४७.३ |
| २ | निम्न माध्यमिक विद्यालय | ३० | ३१.५ |
| ३ | माध्यमिक विद्यालय | १५ | १५.२ |
| ४ | उच्च माध्यमिक विद्यालय | ५ | ५ |
| | जम्मा | ९५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार वैदेशिक रोजगारीमा गएका कामदारका बालबालिकामा उनीहरु वैदेशिक रोजगारीमा जानु पूर्व र पछि पनि स्कुल नजाने बालबालिका कुनै पनि नरहेको पाइयो । त्यस्तै प्रा.वि तह पूरा गर्ने ४७.३ प्रतिशत, निमा.वि पूरा गर्ने ३१.५ प्रतिशत, मा.वि तह पूरा गर्ने १५.२ प्रतिशत र उच्च मा.वि तह पूरा गर्ने ५ प्रतिशत पाइयो ।

### ४.४.४ शिक्षा क्षेत्रमा गरिएको लगानी (Investment in Educational Sectors)

यस अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका व्यक्तिहरुको वैदेशिक रोजगारीमा जानु अघि र पछि लगानीका क्षेत्रहरुमा अन्तर आएको पाइयो । शिक्षा क्षेत्रमा लगानी गर्दा पनि धेरै अन्तर रहेको पाइयो । वैदेशिक रोजगारीमा जानु पूर्व शिक्षा क्षेत्रमा जम्मा ७.८ प्रतिशत लगानी भएको पाइयो भने वैदेशिक रोजगारीमा पश्चात् पक्षको लगानी बढेको १२.१ प्रतिशत पुगेको पाइयो ।

### ४.४.५ वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रति धारणा (Concept towards Educational Sectors of Foreign Workers)

यस अनुसन्धानमा वैदेशिक रोजगारीमा गउका कामदारहरुलाई शिक्षामा गरिएको लगानी प्रतिको आफ्नो धारणा कस्तो रहेको छ भन्ने कुराको अनुसन्धान गरी तलको तालिकमा देखाइएको छ ।

**तालिका ४.३२**

**वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रतिको धारणा, २०७२**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षाले मान प्रतिष्ठा र आर्थिक स्थितिमा सम्ब्रद्धि ल्याउँछ | ६८ | ३३.८ |
| २ | रोजगारीको अवसर प्राप्त गर्छ | १०५ | ५२.५ |
| ३ | शिक्षाले विशेष प्रगती दिलाउँछ | २७ | १३.७ |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार वैदेशिक रोजगारीमा गएका कामदारहरुको धारणा शिक्षाले मान प्रतिष्ठा र आर्थिक स्थितिमा सम्बद्धि ल्याउँछ मा ३३.८ प्रतिशत, रोजगारीको अवसर प्राप्त गर्छमा ५२.८ प्रतिशत, शिक्षाले विशेष प्रगति दिलाउँछ मा १३.७ प्रतिशत रहेको छ । यसले समाजमा शिक्षा प्रति सकारात्मक धारणा रहेको थाहा पाउन सकिन्छ ।

### ४.४.६ लगानी पश्चात शिक्षामा परेको प्रभावको विश्लेषण (Educational Empact Analysis after input )

यस अधययन वैदेशिक रोजगारी पश्चात् शिक्षा क्षेत्रमा लगानी गरेपछि शिक्षा हासिल गर्दा परिवारमा कस्तो प्रभाव पऱ्यो भन्ने अनुसन्धान लाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३३**

**लगानी पश्चात् शिक्षामा परेको प्रभाव २०७२**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक बौद्धिक प्रगती | ९५ | ४७.४ |
| २ | कुरिती र रुढिवादी बाट मुक्त | ४९ | २४.५ |
| ३ | परिवार र प्रतिष्ठित | ३८ | १९.१ |
| ४ | खासै फरक छैन | १८ | ९.० |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट वैदेशिक रोजगारी प्रश्चात् शिक्षा क्षेत्रमा गरिएको लगानीले कस्तो प्रभाव पाऱ्यो भन्ने सम्बन्धमा परिवारीक बौद्धिक प्रगती हुन सक्योमा सबैभन्दा बढी ४७.४ प्रतिशत शिक्षाले कुरिती रुढिवादी बाट मुक्त दिलायोमा२४.४ प्रतिशत आफ्ना परिवार प्रतिष्ठित र समुन्नत बन्न सक्योमा १९.१ प्रतिशत र खासै फरक देखिएनमा ९ प्रतिशत रहेको पाइयो । पढेर पनि केहि प्रगती गर्न नसक्नेहरुले खासै फरक छैन जस्तै अभिव्यक्ति दिएको पाइयो अरु बाँकीको शिक्षा प्रति सकारात्मक धारणा प्रष्ट रुपमा देखियो ।

### ४.४.७ वैदेशिक रोजगारीमा जानु पर्ने कारण तथा विश्लेषण (Analysis of Causes of Foreign Employment)

नेपालमा आहिले धेरै मात्रामा युवाहरुको  बसाइ  हुन नसक्नुको कराण के होला भन्ने कुराको पनि यस शोधपत्रले अनुसन्धान गरेको छ । वैदेशिक रोजगारीमा गएको कोहि घर फर्किन पाएनन, कोहि जेलमा छन् त कोहि कामकै क्रममायातना सल्दै छन् तैपनि वैदेशिक रोजगारीको विकल्प छैन । नेपालमा विभिन्न कारणले गर्दा उद्योग घन्दा खुल्न नसक्नु र युवा वर्गलाई सिप सिकाइ कामको अवसर सरकारले सृजना गर्न नसक्नु नै दैनिक सिर्जनाशील युवा विदेशीनुको कारण सक्रिय हुन नसक्ने जनसंख्या मात्र देशमा बाँकी रहेकोले देश विकासको कुनै पनि सम्भावना नभएको देखिन्छ ।

**तालिका ४.३४**

**वैदेशिक रोजगारीमा जानुका कारणहरु २०६९**

| **क्र.स.** | **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | आर्थिक | १०२ | ५०.८ |
| २ | शैक्षिक | ३९ | १९.४ |
| ३ | पारिवारिक | २५ | १२.७ |
| ४ | सामाजिक | १३ | ६.७ |
| ५. | राजनैतिक | २१ | १०.४ |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकालाई हेर्दा वैदेशिक रोजगारीमा जानुको प्रमुख कारण आर्थिक कारवानै हो । आर्थिक समस्याको कारणले गर्दा ५०.८ प्रतिशत वैदेशिक रोजगारीमा गएका छन् । अर्को कारण शैक्षिक कारण हो विभिन्न कारणले गर्दा पढाई पूरा गर्न नसकी स्वदेशमा कामको अवसर नपाएर वैदेशिक रोजगारीमा जानेको संख्या १९.४ प्रतिशत रहेको छ । पारिवारिक सल्लाहमा वा परिवारका अरु सदस्य वैदेशिक रोजगारीमा गएकाले आफु पनि गएको पाइयो जुन १२.७ प्रतिशत छ । समाजमा वैदेशिक रोजगारीमा गएर आर्थिक सम्पन्नता भएको र समाजमा उनीहरुको ओहोद । राम्रो भएको देखेर वैदेशिक रोजगारीमा जानेको संख्या ६.७ प्रतिशत पाइयो । त्यस्तै विभिन्न राजनैतिक कारणले समाजमा बस्न असहज भएर वैदेशिक रोजगारीमा जानेहरु को संख्या १०.४ प्रतिशत पाइयो ।

## ४.५ वैदेशिक रोजगारीमा जानुका कारणहरु (Causes of Foreign Employment)

नेपाल एक अविकसित देश हो । निर्वाहमूखि कृषि, उपयोगमा देखासिकी प्रभाव तथा चरम राजनैतिक अस्थिरता आदिको कारणले पूँजी निर्माण हुन नसकि लगानी वृद्धि हुन नसकि उद्योग व्यवसायहरु समेत फस्टाउन सकेका छैनन् जसले गर्दा श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिको तुलना या रोजगारीका अवसर ज्यादै न्यून रहेकाले आजको यूवा जमातको लागि आयआर्जनको उत्तम विकल्प वैदेशिक रोजगारी देखिन आएको छ । वैदेशिक रोजगारीमा जानुपर्ने कारण यद्यपि कति रहर त कति करले सहभागि छन् पत्ता लगाउनु यस

अध्ययनको उद्देश्य भएकाले ति कारणहरुको खोजीका लागि वैदेशिक रोजगारीमा संलग्न यूवा यूवति तिनका घर परिवारका सदस्य, समाजका सामाजिक कार्यकर्ता, राजनैतिक कार्यकर्ता, शिक्षक वृद्धिजिवी संगको मौखिक अर्न्तक्रियाबाट निम्न निष्कर्षमा पुगिएको छ ।

### ४.५.१ रोजगारीका अवसरको खोजी (To Search Job Opportunities)

हाम्रो देश विकासका संभाव्य क्षेत्रहरुको विकास हुन नसक्नाले रोजगारीका अवसरहरु प्रशस्त मात्रामा सिर्जना हुन सकिरहेका छैनन् भने सिर्जित सिभित अवसरमा समेत नातावाद, कृपावाद र घुसपैढले प्रभाव पारेको देखिन्छ । खासगरि निम्न वर्गिय परिवारका यूवायूवतिहरुलाई स्वरोजगारका लागि आवश्यक पूँजी संकलन गर्न समेत धौ धौ हुन्छ भने त्यहाँको जोखिम पनि वढि छ । त्यस्तै स्थानिय स्तरका पूँजीपतिले समेत वैदेशिक रोजगारीमा जाने अवस्थामा ऋण सहयोग गर्ने अन्यया सहयोग नगर्ने अवस्थाका कारण समेत आजको यूवापिढि वैदेशिक रोजगारीमा बढी संलग्न हुने देखिएको छ ।

### ४.५.२ शिक्षा प्रणालीमा दोष (Fault in Education System)

हालको शिक्षा प्रणाली सीपमूलक र व्यावहारिक भन्दा वढी सिद्धान्त केन्द्रित रहेको छ, फलस्वरुप श्रमवजारको भाग र उत्पादित जनशक्ति विच तालमेल आउन सकिरहेको छैन । जसले गर्दा शैक्षिक वेरोजगारी दिन प्रतिदिन वढिरहेको छ । हालको शिक्षा प्रणालीबाट उत्पादित जनशक्ति सीपविहिन हुनाले स्वरोजगार हुनुपनि सक्दैनन र स्थानिय स्तरका स-साना काम पनि गर्दैनन् फलस्वरुप आफू र आफ्नो परिवार हातमुख जोर्न सक्ने वनाउन वैदेशिक रोजगारीमा संलग्न हुन्छन् ।

### ४.५.३ निर्वाहमुखी खेती प्रणाली (Subsistence Agriculture System)

हाम्रो कृषि प्रणाली अझै पनि निर्वाह मुखी छ अर्थात् कृषिमा व्यवसायिकरण हुन सकिरहेको छैन साथै यस्तो निवार्हमुखि कृषि प्रणालीमा अर्धरोजार तथा मौसमी वेरोजगार रहेको छ । साथै श्रमिकको उत्पादकत्व शून्य प्राय छ । जसले हुने गरेको छ । यसकारण पनि आम्दानिको अन्य विकल्प खोज्दा वैदेशिक रोजगारी उपयुक्त भएको देखिन्छ ।

### ४.५.४ न्यून तलबमान (Low Level of Salary)

शिक्षामा ठूलो लगानि गरी प्राप्त हुने रोजगारीबाट प्राप्त ज्यालादर भन्दा विना शिक्षा वैदेशिक रोजगारीमा संलग्न हुँदा प्राप्त हुने तलवमान अधिक हुनु पनि वैदेशिक रोजगारीमा सहभागी हुनुको अर्को कारण हो । स्वदेशको रोजगारीबाट प्राप्त आयले सामाजिक प्रतिस्ठा कायम राख्नु गाह्रो पर्ने, आफ्नो आर्थिक अवस्था, परिवारको आवश्यकता, सन्तानका शैक्षिक आवश्यकता र प्रभावकारी स्वास्थ्य सुविधाको उपभोगमा समेत असर पार्नाले मानिसहरुको वैदेशिक रोजगारी प्रतिको आकर्षण बढेको देखिन्छ ।

### ४.५.५ सूचना तथा संचारको प्रभाव (Effect of Information and Communication)

सूचना तथा सञ्चारका साधनको वढ्दो प्रयोगका कारण पनि वैदेशिक रोजगारीका अवसर कामको प्रकृत्ति, तलवस्केल सेवासूविधाको बारेमा सवै व्यक्तिहरु सू-सूचित हुन पाउछन् । त्यस्तै वैदेशिक रोजगारीमा संलग्न अन्य व्यक्तिहरुसँग वैदेशिक रोजगार एजेन्सिहरु वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरुसँगको सम्पर्क तथा समन्वय पनि सरल भएको छ । जसले गर्दा पनि मानिस वैदेशिक रोजगारीमा जान्छन् । त्यस्तै सूचना तथा सञ्चारका साधनबाट व्यक्तिहरुले आधुनिक प्रविधि, फेशन, महँगा फर्निचर, नयाँ नयाँ मोडलका घर, गाडीहरुको उपभोगको आंकाक्षा वढाएको छ र जसलाई पूरा गर्न वैदेशिक रोजगारीमा सहभागि भएको पाइएको छ ।

### ४.५.६ सामाजिक प्रतिष्ठा कायम गर्न (To Maintain Social Dignity)

आज समाजका सदस्यहरु विचको भन्दा कामको प्रतिस्पर्धा चलिरहेको देखिन्छ । चाहे त्यो उपभोगमा होस वा अन्य चाडपर्व धार्मिक कार्यक्रम, वैवाहिक कार्यक्रम वा अन्य कुनै घट्नाहरु हुन । यस प्रकार समाजका अन्य व्यक्ति सरह समान हैसियतका साथ जीवनयापन तथा भोजभतेर गरी सामाजिक प्रतिष्ठा कायम गर्न पनि वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ ।

### ४.५.७ ऋणग्रस्तताबाट मुक्ति पाउन (To Escape from Debtness)

निम्न वर्गिय घरपरिवार गरिवीको दुष्चक्रमा फसिरहेको छ । त्यो गरिवीको दुस्यक तोडेर आर्थिक उत्थान गर्नका निम्ती आफ्ना आधारभत आवश्यकता पूरा गर्नको निम्ती वैदेशिक रोजगारीमा सहभागी भएको पाइएको छ ।

## ४.६ वैदेशिक रोजगारीबाट सिकेको सिप र त्यसको नेपालमा प्रयोगको विश्लेषण (Analysis Acquired Skills and its utilization in Nepal)

यस अनुसन्धानको नमुना छनोटमा परेका जनसंख्या वैदेशिक रोजगारीमा जाँदा कतिले सिप सिके र गएका थिए भने कति नसिकी गएको पाइयो । यसरी सिप सिक्नेहरुमा विद्युतीय काम गर्ने आदि रहेको पाइयो यसरी सिप  सिक्नेहरुमा डाईभर, सिकर्मी, डकर्मी, विद्युतीय काम गर्ने आदि रहेको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३५**

**विदेश जानु भन्दा पछि र पहिलाको सीपको अवस्था २०७२**

| क्र.स. | विदेश जानु पहिलाको सिप | संख्या | प्रतिशत | विदेशमा सिकेको सिप | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सिकर्मी | २६ | १२.७ | कुक | २१ | १०.३ |
| २ | डकर्मी | ३४ | १६.९ | वेटर | ३४ | १६.९ |
| ३ | विद्युतीय काम गर्ने | २० | १०.० | विद्युतीय | २५ | १२.७ |
| ४ | ड्राईभर | १९ | ९.३ | ड्राईभर | ३७ | १८.६ |
| ५. | काम नसिक्ने | १०१ | ५०.८ | सिपनसिक्ने | ८३ | ४१.५ |
|  | जम्मा | २०० | १००.० |  | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका लागि विश्लेषण गर्दा स्वदेशमा सिपसिक्नेमा सिकर्मि १२.७ प्रतिशत , डकर्मी १६.९ प्रतिशत, विद्युतीय काम गर्ने १० प्रतिशत, ड्राईभर ९.३ प्रतिशत र काम नसिक्ने मा ५०.८ प प्रतिशत रहेको पाइयो । विदेशमा गएर सिप सिक्नेहरुमा कुक १०.३ प्रतिशत, वेटर १६.९ प्रतिशत, विदुतिय काम गर्ने १२.७ प्रतिशत , ड्राईभर १८.६ प्रतिशत र

सिप नसिक्ने ४१.५ प्रतिशत पाइयो । नेपालमा कामगरी त्यहाँ पनि त्यही काम गर्नेले भने काममा अझै बढी दक्षता हासिल गर्न सकेको पाइयो ।

## ४.७ विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण (Causes not utilization of Acquired skills in Nepal)

यस सर्वेक्षणको क्रममा विदेशमा सिकेको सिप नेपालमा आएर उपयोगमा ल्याइएको पाइएन । जुन सिप नेपालबाट नै सिकेर गएका थिए त्यही सिपनै फेरि नेपालमा अपनाईएको पाइयो ।

**तालिका ४.३६**

**विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काम गर्ने उपयुक्त ठाउँ नपाउनु, | ३१ | १६.१ |
| २ | काम अनुसारको तलब नपाउनु | ८७ | ४३.१ |
| ३ | कुनै सिप नै नभएर | ८२ | ४०.७ |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

जस्तो सुकैकम तलब भए पनि नेपालको तुलनामा विदेशको तलब आलि बढी नै हुने कारणले नै नेपाली विदेशीन थालेका हुन् । त्यही डकर्मीले यहाँ कम तलब हुन्थ्यो भने उत्रा त्यही पेशा अगाल्दानि उताको कमाई बढी हुन जान्छ ।

नेपालमा आफ्नो सिप प्रयोग नगर्नुको कारण अनुसन्धान गर्दा काम गर्ने उपयुर्क्त ठाउँ नपाउनुमा १६.१ प्रतिशत, काम अनुसारको तलब नहुनुमा ४३.२ प्रतिशत, कुनै सिपनै सिकेर नआएकोमा ४०.७ प्रतिशत रहेको पाइयो । यसरी विभिन्न कारणले गर्दा नेपालमा फेरि स्थापित हुनु नसकी पटक पटक विदेशनै गएको पाइयो ।

## ४.८ वैदेशिक रोजगारीमा सुरक्षात्मक स्थिति (Security of Foreign Employment)

यस अनुसन्धानको नमुना छनोटमा परेका व्यक्तिहरु सँग विभिन्न छलफल र प्रश्न उत्तर गर्दा उनीहह्रुको सुरक्षात्मक स्थितिको बारेमा  विश्लेषण गरिएको थियो जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३७**

**कामदारहरुको सुरक्षाहरु स्थिति २०७२**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जिवन विमा | १०१ | ५०.८ |
| २ | औषधी उपचार | ७१ | ३५.५ |
| ३ | विदा तलब | २८ | १३.७ |
| | जम्मा | २०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार वैदेशिक रोजगारीमा गएका कामदारहरुको सुरक्षात्मक स्थिति पनि तयति राम्रो देखिएन । माथिको तिनओटै सुविधा पाउनु पर्ने मा जीवन विमा ५०.८ प्रतिशतले, औषधी उपचार ३५.५ प्रतिशतले र बिदा बस्दाको तलब पाउने जम्मा १३.७ प्रतिशत मात्र छन् । यसबाट प्रष्ट हुन्छ कि सबै कुराहरुको सुरक्षात्म स्थिति पनि जानुक नै छ ।

## ४.९ वैदेशिक रोजगारीमा देखा परेका समस्याहरु (Probelm of Foreign Employment)

जुनसुकै कुराको पनि रामो र नरामो पक्षहरु अवश्य पनि रहेको छ । नराम्रो पक्षलाई पहिचान गरी त्यसको समस्या समाधान गरी अगाडि बढ्न सकेमा त्यसबाट पनि फाइदा हुनसक्छ । वैदेशिक रोजगारीमा पनि विभिन्न समस्या र चुनौतीहरु रहेका छन् । यी समस्याहरु लाई केही हदसम्म भएपनि समाधान गरिएमा वैदेशिक रोजगारीमा डरको भावलाई हटाइ निश्चिन्त भएर जान सकिने कामदारहरुले बताए । वैदेशिक रोजगारीका समस्याहरु निम्न रहेको अध्ययन बाट पत्ता लाग्यो ।

## १.	म्यानपावर र दलालको दुःख दिनु (Hurdle by man power and agents)

नमुना छनौटमा परेका व्यक्तिहरुलाई तपाईलाई वैदेशिक रोजगारीको शिलशिलामा दलाल र म्यानपावरले सहयोग गरे गरेनन् भन्ने प्रश्नमा उनीहरुको उत्तर, यस्तो थियो। वैदेशिक रोजगारीको सिलसिलामा पहिलो ठग्ने दलाल रह्यो उसले लाग्ने भन्दा दोब्बर पैसा उठायो, त्यस्तै  म्यान पावरले पनि नेपाल सरकारले तोकेको रकम भन्दा ज्यादै धेरै लिने गरेको एउटा काम भनी अर्को काममा पठाएको जस्ता  धेरै समस्याहरु आइपरेको पाइयो ।

## २.	श्रमशोषण (Labour Exptation)

वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु मध्य ५० प्रतिशतले कामगरे अनुसारको तलब नपाएको स्थलगत सर्वेक्षण बाट पत्ता लाग्यो । काम ८ घण्टा देखि १३ घण्टा सम्म गर्नुपर्ने तर तलब काम गरे अनुसारको नदिने, समयमा नदिने, उक्त देशको नागरिक र आफूमा समान काममा पनि समान व्यवहार र ज्याला नपाइएको जस्ता समस्याहरु रहेको सर्वेक्षणबाट पत्ता लगाइयो ।

## ३.	शारीरिक शोषण (Physical Exploitation)

नमुना छनौटमा परेको व्यक्तिहरुलाई सोधिएको प्रश्नमा उनीहरुको जवाफमा, वैदेशिक रोजगारीमा खाडी मुलुकमा महिला कामदारहरुले भोग्नु परेको प्रमुख समस्या भनेको नै शारीरिक शोषण रहेको पाइयो । उनीहरु कार्यस्थल समकक्षी पुरुष कामदार बाट र घरमा काम गर्दा घर मालिकबाट बढी मात्रामा शारीरिक शोषण हुने गरेको सर्वेक्षणबाट पत्ता लाग्यो ।

## ४.	कार्य गर्दा जोखिम सम्बन्धी समस्या (Problem of risk at working period)

विदेशमा काम गर्दा धेरै जोखिम हुने क्षेत्र भनेको कलकारखानामा, निर्माण क्षेत्रमा विद्युतीय कार्य गर्दा विशेष सावधानी अपनाउनु पर्ने र सानो गल्तिले पनि आफ्नो ज्यान जान सक्ने अङ्ग भङ्ग हुन सक्ने भएकोले सावधानका साथ काम गनुपर्ने सहभागीहरुले बताए ।

## ४.९ प्राप्तिको सारांश (Summary of the Finding)

यस अध्ययनम वैदेशिक रोजगारीको अवस्थाको वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा परेको प्रभाव, वैदेशिक रोजगारीका समस्याहरु वैदेशिक रोजगारीमा जानुपर्ने कारण जस्ता कुरालाई तथ्याङ्कीय आधारमा र त्यसलाई व्याख्या गरी स्पष्ट पार्न खोजिएको छ । जसलाई स्पष्ट पार्न तथ्य परक तथ्याङ्क र सूचना समावेश गरिएको छ । यस अध्ययनमा अनुसन्धानको विश्लेषणको आधारमा पत्ता लगाइएको कुराहरुलाई प्राप्तीको सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ । यो अध्ययन उद्देश्यमूलक नमुना छनौटको आधारमा गरिएको छ । थुमी गा.वि.स. बाट २०६६ साल देखि २०६९ साल सम्म वैदेशिक रोजगारीमा गएका राष्ट्रहरु बाट ५ वटा राष्ट्रहरु UAE , मलेसिया, कतार, दुवई र ओमन गएका २०० जनाबाट १०० प्रतिशतलाई नमुना छनौट गरी अनुसन्धान गरिएको छ । यस शोधको सारांश लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

वैदेशिक रोजगारीमा जानुपर्ने कारण, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको आर्थिक अवस्थाको विश्लेषण गर्नु, उनीहरुको परिवारका बालबालिकाहरुको शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्नु, वैदेशिक रोजगारीमा देखा पर्ने समस्याहरु पत्ता लगाउनु र समाधानका उपायहरुको खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

- यस शोध पत्रको अध्ययन एकमा वैदेशिक रोजगारीको अध्ययनको उद्देश्य, अध्ययनका सिमाहरु आदि समावेश गरिएको छ ।
- यो अनुसन्धान वर्णानात्मक अनुसन्धान हो । यसमा वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक विधि अपनाइएको छ । यो अध्ययन नमुना छनोट विधिको आधारमा स्थलगत सर्वेक्षणमा आधारित छ । तथ्याङ्क संकलनका साधनहरु अर्न्तवार्ता प्रश्नावली प्राथमिक स्रोत हुने भने वैदेशिक रोजगार विभाग, तथ्याङ्क कार्यलय, गा.वि.स., जि.वि.स. पत्र पत्रिका लेख आदि द्धितीय तथ्याङ्क सङ्कलनका स्रोतहरु हुन् ।
- नमुना छनौट गर्दा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु मध्य १९० जना पुरुष र १० जना महिला गरी जम्मा २०० जनालाई लिइएको छ ।

- सहभागी कामदारहरुको परिवार संख्या ४४७ जना जसमा पुरुषको संख्या २०८ जना र महिलाको संख्या २३९ जना रहेको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरुको परिवारको संख्या उमेरको आधारमा ०-४ वर्षका १२.३ प्रतिशत, ६-१५ वर्ष १४.१ प्रतिशत, १६-२५ वर्षका २२.२ प्रतिशत, २६-४० का १७.४ प्रतिशत, ४१-६० का १७.९ प्रतिशत र ६० देखि माथि का १६.१ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जानेमा सबैभन्दा बढी २६-३५ वर्षका व्यक्तिहरु ३८.१३ प्रतिशत र सबेभन्दा कम ४०-४९ वर्षका ११.८६ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने सबै भन्दा बढी जनजाति ३२.२ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको शैक्षिक स्तर सबैभन्दा बढी निम्न माध्यमिक शिक्षा पूरा गरेका ५५.९ प्रतिशत र सबैक भन्दा कम उच्च शिक्षा पूरा गरेका १०.१ प्रतिशत पाइयो ।
- सहभागी कामदारहरुले वैदेशिक रोजगारीमा जानुपूर्व कृषि, व्यापार, जागिर, उद्यम जसता कार्य गरी कूल औसत वार्षिक आम्दानी रु ८१४१५ पाइयो । पश्चात् होटल, करकारखाना, घरेलु क्षेत्र र निर्माण क्षेत्रमा कार्य गरी कुल औसत वार्षिक आम्दानी रु ३६.१४७२ रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जानुपूर्व कामदारहरुले स्वदेशमा कृषिबाट ४८.७ प्रतिशत, व्यापारबाट १२.५ प्रतिशत, जागिरबाट १८.५ प्रतिशत र उद्यम बाट २०.३ प्रतिशत आम्दानी गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा गए पछि कामदारहरुको वार्षिक होटलबाट १८.८ प्रतिशत, कलकारखानाबाट ५१.७ प्रतिशत, घरेलु क्षेत्रबाट १४.४ प्रतिशत निमार्ण क्षेत्रबाट १५.१ प्रतिशत आम्दानी गरेको पाइयो ।
- सहभागी कामदारहरु वैदेशिक रोजगारीमा जानु पूर्व वार्षिक हजार ०-६० सम्म आम्दानी गर्ने ३८.३ प्रतिशत, ६०-१०० हजार सम्म आम्दानी गर्ने २८.८ प्रतिशत, १००-१५० हजार सम्म आम्दानी गर्ने १४.४ प्रतिशत रहेको पाइयो ।

- नमुना छनौट परेका व्यक्तिहरुको वैदेशिक रोजगारीमा जानुपूर्व उपभोगमा ६२.३ प्रतिशत, शिक्षामा ७.८ प्रतिशत, स्वास्थ्यमा ७.८ प्रतिशत, चाडपर्वमा ६.६ प्रतिशत र अन्यमा १५.६ प्रतिशत खर्च गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा गएपछि उनीहरुको उपभोगमा ४२.४ प्रतिशत, शिक्षामा १२.१ प्रतिशत, स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्य क्षेत्रमा ९.१ प्रतिशत खर्च गर्ने गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा जानुपूर्वको वार्षिक कुल खर्च रु २६२७८०९३ र वैदेशिक रोजगारीमा गएपछि वार्षिक कूल खर्च रु ९१२३५८०० रहेको पाइयो ।
- सहभागी कामदार मध्य आम्दानीको १०० देखि १४० हजार १८० हजार खर्च गर्ने २७.१ प्रतिशत, १८०-२१० हजार खर्च गर्ने २५.४ प्रतिशत, २१० देखि २५० हजार सम्म खर्च गर्ने १० प्रतिशत र २५० हजार भन्दा माथि खर्च गर्ने ६.७ प्रतिशत खर्च भएको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरुमध्य वैदेशिक रोजगारीमा गए पश्चात् मासिक वचत अन्तर्गत ०-६० हजार सम्म बचत गर्ने १०.८ प्रतिशत, ६ देखि १२ हजार सम्म बचत गर्ने ३९.८ प्रतिशत, १२०-१६ हजार सम्म बचत गर्ने ३८.१ प्रतिशत १६०-२०० हजार सम्म जम्मा गर्ने १०.१ प्रतिशत रहेको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरुको बालबालिका वैदेशिक रोजगारीमा जानु पूर्व सरकारी विद्यालय जाने ८९.४ प्रतिशत र निजी विद्यालय जाने १०.६ प्रतिशत थियो भने वैदेशिक रोजगारी पश्चात सरकारी विद्यालय जाने ४२.६ प्रतिशत र निजी विद्यालय जाने ५७.४ प्रतिशत रहेको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरु वैदेशिक रोजगारीमा जानुको कारण आर्थिक कारणमा ५०.८ प्रतिशत, शैक्षिक कारणले १९.४ प्रतिशत, पारिवारिक कारण १२.७ प्रतिशत, सामाजिक कारण ६.७ प्रतिशत, राजनैतिक कारणमा १०.४ प्रतिशत पाइयो ।

- विदेशमा रहँदा कामदारको सुरक्षात्मक स्थिति अन्तर्गत जिवन विमा गर्ने ५०.८ प्रतिशत, औषधि उपचारको सुविधा पाउने १३.७ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा देखिने समस्याहरुमा मेनवावर र दलालले दुःख दिनु, श्रम शोषण शारीरिक शोषण, कार्य गर्दा आफ्नो शरीरको जोखिम जस्ता समस्याहरु देखियो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५ निष्कर्ष र सुझाव (Conclusion and Recommendation)

वैदेशिक रोजगारिले शैक्षिक तथा आर्थिक क्षेत्रमा पुऱ्याएको प्रभावको यो एक क्षेत्रगत अध्ययन हो । यसका विभिन्न सकारात्मक र नकारात्मक प्रभावहरु रहेका छन् । यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावहरुलाई तल प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको मुख्य उद्देश्य वैदेशिक रोजगारीका लागि खाडी राष्ट्र गएका यूवाहरुको आर्थिक तथा शैक्षिक स्तर पहिचान गरिएको छ । वैदेशिक राजगारीमा जानुपर्ने कराणहरु पत्ता लगाउने काम गरेको छ र यो अध्ययनले वैदेशिक रोजगारीको अवसथा कस्तो छ भन्ने प्रष्ट पारेको छ ।

- २०६६ सालदेखि २०६९ सालसम्ममा ५ वडामा पनि २६४ जना खाडी मुलक गएको पाइयो यसले यस गा.वि.स. को वैदेशिक रोजगारीको अवस्थालाई देखाइएको छ ।
- १८ वर्ष देखि ४९ वर्ष सम्मका महिला तथा पुरुष कामदारहरु विदेशिएको पाइयो ।
- कामदारहरुले वैदेशिक जाँदा अधिकांश कामदारहरु सीप बिना नै जाने सिप भएकाहरुले पनि नेपालमा जानेको सिप र उताको कामको प्रवृत्तिको तालमेल नहुँदा सिप बिहिन जस्तै हुन जसको कारणले गर्दा कम तलब पाउने काम गर्न हुने जस्ता समस्याहरु र कठिनाईहरु भएको पाइयो ।
- कामदारहरुको वैदेशिक रोजगारीमा जानु पूर्व र पछि खर्चका क्षेत्रहरु भनेको उपभोग शिक्षा स्वास्थ्य र अन्य रहेको पाइयो तर खर्च गर्ने प्रवृत्ति भने पहिलाको भन्दा पछिको बढी रहेको पाइयो ।
- वैदेशिक रोजगारीको वर्तमान अवस्थालाई हेर्दा हाल सम्म ११० वटा मुलुक वैदेशिक रोजगारीका लागि खुला गरिएको छ ।
- वैदेशिक रोजगारीकोबाट नेपाली कामदारहरुको आर्थिक तथा शैक्षिक स्थितीमा सुधार आएको देखिन्छ । जसले गर्दा उनीहरुको बालबालिकाको शिक्षाको पहुँचमा पनि सुधार र वृद्धि भएको देखिन्छ ।

- वैदेशिक रोजगारीबाट नेपाली कामदारले सिप र क्षमताको विकास भए पनि विभिन्न कारणले उक्त सीप र क्षमता नेपालमा प्रयोग नभएको पाइयो ।
- धेरै नेपालीहरु वैदेशिक रोजगारीको क्रममा न्गीने भनेको काम र ज्याला नपाउने महिला कामदारहरु शारीरिक शोषणमा पर्ने गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक शिक्षा पुरा गर्ने २० प्रतिशत, निम्नमाध्यमिक तह पूरा गर्ने ५५.६ प्रतिशत, माध्यमिक तह पूरा गर्ने १३.५ प्रतिशत उच्च शिक्षा पढेका १०.१ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारी प्रश्चात शिक्षा प्रति सकारात्मक सोचको विकास भएको पाइयो ।
- वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरुमा आर्थिक अवस्था कमजोर हुनु, राजनैतिक कारणले देशमा बस्ने वातावरण नहुनु परिवारको आर्थिक तथा शैक्षिक स्तरमा सुधार गर्नु, सामाजिक कारणमा समाजमा अरु विदेश गएर कमाएको देख्नु जस्ता कारणहर रहेको पाइयो ।
- वैदेशिक रोजगारीले राष्ट्रमा सकारात्मक र नकारात्मक दुवै असर पारेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendation)

नेपालमा वैदेशिक रोजगारीको अवस्थालाई हेर्दा विदेशीले क्रम तिब्र रुपमा बढेको त छ तै पनि यस भित्र थुप्रै समस्याहरु रहेका छन् । उक्त क्षेत्रको अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्क र सुचनाको आधारमा भन्न सकिन्छ कि यस क्षेत्रमा देखिएका विभिन्न समस्याहरुलाई नीति तथा कार्यक्रम ल्याई सरकारी स्तरबाट नै पहल गरी समाधान गर्नु पर्दछ ।

- वैदेशिक रोजगारीमा जानु पूर्व आफूले जाने देश र संस्था अनुकुलको सिप सिकेपछि मात्र जाने,
- दुःखले वैदेशिक रोजगारीबाट प्राप्त गरेको आयलाई उपभोग वस्तु र चाडपर्वमा मात्र खर्च नगरी जोगाएर उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

- आफ्ना बालबालिकालाई सरकारीबाट निकालेर निजी विद्यालयमा पठाउँदैमा मात्र शिक्षाको गुणस्तरमा वृद्धि नहुने हुँदा परिवारमा पनि पढ्नको लागि उपयुक्त वातावरण तयार गर्ने ।
- वैदेशिक रोजगारीमा जाने क्रममा नेपाल देखिनै ठगिने लुटिने विभिन्न समस्यामा र कठिनाईमा अल्झिनुपर्ने समस्याको समाधानका निम्ती श्रम सम्झौता भएका देशमा नेपालीको समस्या समाधान र उद्धारको लागि पर्याँप्त मात्रामा नियोगहरु खोलिनु पर्ने र तत्काल समस्या समाधान गरी उद्धार गर्नुपर्ने ।
- नेपाल सरकारले पनि वैदेशिक रोजगारीका सम्बन्धमा स्पष्ट नीति ल्याई कार्यान्वयन गर्नुपर्ने ।
- म्यानपावर कम्पनीहरुले वैदेशिक रोजगारीमा जाने कामदारहरुलाई गर्नुपर्ने काम, तलब सुविधा, ओभरटाइम सुविधा र अन्य सुविधाहरु नढाटी स्पष्टसँग अवगत गराउनु पर्दछ ।
- वैदेशिक रोजगार विभागले सम्बन्धित देश र कामको प्रवृत्ति अनुसार कुन काममा कुन देशमा जाँदा पनि पैसा तिर्नु पर्ने हो स्पष्ट किटान गरिदिनु पर्दछ ।
- नेपाल सरकारले नेपाली कामदार पठाउने देशमा अनिवार्य रुपमा राजदुतावास खोल्नु पर्दछ र खोलिएका राजदुतावासलाई पनि सक्रिय बनाउनु पर्दछ ।
- कामदारहरुलाई अंग अगंको क्षतिपूर्ति जीवनविमा जस्ता पक्षहरुमा राम्रो सुविधा दिनु पर्दछ ।
- वैदेशिक रोजगारी बाट प्राप्त आम्दानीलाई विभिन्न उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु पर्दछ ।
- कृषिमा आधुनिकीकरण गरी रोजगारीको वातावरण देशमा नै सृजना गरी वैदेशिक रोजगारीको विकल्प खोजिनु पर्दछ ।

यसरी वैदेशिक रोजगारीमा देखा गरेका समस्याहरु समाधान गर्न माथिका कुराहरु मात्र पर्याप्त नहुने हुँदा अनुभवी व्यक्तिहरु, बुद्धिजीविहरु कानुनविद्हरु आदिसँग परामर्श गरी अझ बढी अनुसन्धान गर्न जरुरी देखिन्छ ।

## सन्दर्भसूची (References)

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), राष्ट्रिय जनगणना२०६८ संक्षिप्त नतिजा काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग. (२०६८) राष्ट्रिय जनगणना २०६८ काठमाडौं : केन्द्रीइ तथ्याङ्क विभाग ।

गा.वि.स. प्रोफाइल पुस्तिका (२०७१). गोरखा थुमी गा.वि.स.

जिल्ला विकास समिति (२०६९) वार्षिक जिल्ला विकास योजना आर्थिक वर्ष २०६९/७०, सूचना तथा अभिलेख केन्द्र, गोरखा

तथ्याङ्क कार्यालय (२०७१). नेपालमा वैदेशिक रोजगारीको संक्षिप्त अवलोकन काठमाडौं नेपाल राष्ट्र बैङ्क

नेपाल राष्ट्र बैङ्क (२०६२) अनुसन्धान विभागले गरेको अध्ययनहरुको संगालो काठमाडौं : वर्ल्ड भिजन अनामनगर ।

नेपाल र मेश्वर (२०७०) वैदेशिक रोजगारीका अवस्था र चुनौतीहरु काठमाडौं : पैखी प्रकाशन ।

पण्डित, सूर्य कुमार (२०५७) नेपालमा वैदेशिक रोजगार काठमाडौं : वैदेशिक पत्रकार संघ ताहाचला

पोखरेल, नारायण दत्त (२०६७) वैदेशिक रोजगारीले पारेको प्रभाव पाँचवटा जिल्लाको अध्ययन अप्रकाशित शोधपत्र समाज शास्त्र केन्द्रीय विभाग कीर्तिपुर ।

पोखरेल, राजिव (२०५७) वैदेशिक रोजगारीको एक अध्ययन  काठमाडौं : साग्रीला प्रकाशन,

भुसाल भोजराज र ओझा मोहनकृष्ण (२०७०) नायवसुष्वा प्रतियोगिता काठमाडौं : सञ्जीवनी प्रज्ञान प्रकाशन प्रा.लि

राष्ट्रिय योजना आयोग (२०६४) दशौ पञ्चवर्षीय योजना (२०५९-०६४) काठमाडौं . राष्ट्रिय योजना आयोग ।

रेग्मी, धान्यप्रसाद (२०६९) वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग अर्थशास्त्र विभाग कीर्तिपुर ।

रेग्मी, हेमराज (२०६४) लेवर स्टाटिस्कि काठमाडौं. श्री ५ को सरकार तथ्याङ्क विभाग ।

लम्साल मनोज (२०७१) शिक्षा रोजगारी र वैदेशिक रोजगारी, काठमाडौं वोटर्न प्रकाशन ।

वैदेशिक रोजगार विभाग (२०६८) वार्षिक प्रतिवेदन (२०६८/६९) काठमाडौं : वैदेशिक रोजगार विभाग ।

शर्मा, चिन्तन, (२०६६) नेपालको रेमिटेन्स काठमाडौं : कपीराइट प्रकाशन ।

सिटौला लक्ष्मण (२०६८) वैदेशिक रोजगार अभिमुखीकरण काठमाडौं : आर.डी.एन. प्रकाशन ।

श्रम मन्त्रालय (२०६८) वैदेशिक रोजगारीका विविध पक्षहरु काठमाडौं : श्रम मन्त्रालय ।

श्रम मन्त्रालय (२०६८) श्रम तथा रोजगार अर्धवार्षिक पत्रिका वर्ष ४ अंक १ काठमाडौं : नेपाल सरकार ।

ज्ञावाली भाष्कर (२०६८) नेपालमा रेमिटेन्स् बढ्दो छ काठमाडौं : भिजन नेपाल पब्लिकेशन ।

## अनुसुचि १

## वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारका अभिभावकका लागी प्रश्नावली

जिल्ला : गोरखा गा.वि.स. : थुमी वडा नं...............

नाम थर ........................ लिङ्ग ................

उमेर ......................... धर्म ................

वैवाहिक स्थिती :........................... जात ..............

शिक्षा ............................ परिवारको संख्या ...........

पेशा ............................ भाषा ........................

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएको देश ................................

१. वैदेशिक रोजगारमा संलग्न सदस्य तपाइको के नाता पर्नु हुन्छ ?

क. छोरा ख. छोरी ग. श्रीमान घ. श्रीमती

२. तपाईको परिवारको सदस्य विदेश जानु पुर्व तपाईहरु के पेशा /व्यवसाय संचालन हुनुहुन्थ्यो ?

क. कृषि ख. ब्यापार

ग. जागिर घ. अन्य..........

३. तपाईहरुले उक्त व्यवसाय गर्दा गर्दै किन वैदेसिक रोजगारीमा पठाउने निर्णय गर्नु भयो ?

क. थोरै आम्दानी ख. वेरोजगारी

ग. अन्य भए.......................

४. वैदेशिक रोजगारीमा जानु अघि तपाईको आम्दानी कति भयो ?

क. मासिक ५-१० हजार ख. मासिक १०-१५ हजार

ग.मासिक १५-२० हजार घ. मासिक २० हजार देखि माथि

५. विदेश जानु पूर्व तपाईहरुको आर्थिक तथा शैक्षिक अवस्था कस्तो छ ?

क. राम्रो ख. ठिकै

ग. नराम्रो घ. अन्य भए...................

६. वैदेशिक रोजगारीमा जानु भन्दा पहिले हने मासिक खर्च :

| शीर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यान्न | | |
| लत्ताकपडा | | |
| औषधि उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| जम्मा | | |

७. वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालय पढाउनुहुन्थ्यो ?

क. सरकारी ख. निजी

८. तपाईले किन निजी विद्ययालय अध्ययन गराउनु भयो ?

क. अरुका छोराछोरी निजी विद्यलयमा पढ्न गएको देखेर

ख. निजी विद्यालयको पठनपाठन रामौ नभएर

ग. अन्य भएर.........................

९. तपाईले किन सरकरी विद्यालय अध्ययन गराउनु भयो ?

क. आर्थिक अवस्था कमजोर भएर

ख. सरकारी विद्यालय पठनपाठन राम्रो नभएर

ग. अन्य भएर ............

१०. वैदेशिक रोजगारीमा गए पछि तपाइको आम्दानी कति भयो ?

क. मासिक २०-३० हजार ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार घ मासिक ५० हजार देखि माथि

११ वैदेशिक रोजगारमा गए पछि मासिक खर्च :

| शिर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यन्न | | |
| लत्ताकपडा | | |
| औषधी उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| घरको पुन निर्माण | | |

१२. विदेशवाट पठाएको रकमवाट घर खर्च चल्छ कि चल्दैन ?

क. ठिक्क हुन्छ ख. वचत हुन्छ ग. पग्दैन

१३. तपाईले प्राप्त गरेको आम्दानीलाई मासिक कति वचत गर्नुहन्छ ?

क. ५-१० हजार ख. १०-१५ हजार

ग. १५-२० हजार घ. २५-३० हजार

१४. वचत रकमलाई के मा लगाउनु भएको छ ?

क. बैंकमा राखेको छु ख. व्यवसायमा लगानी गरेको छु

ग. व्यत्तिलाई दिउको छु घ. अन्य.................

१५. विदेशबाट घरमा कति कति समयमा पैसा पठाउनु हुन्छ ?

क. मासिक रुपमा ख. २ महिनामा ग. ३ महिना घ. ६ महिना

१६. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईहरुको आर्थिक अवस्था मजबुत भएको हो ?

क. हो ख. होईन

१७. हो भने तपाईहरुको के गरी आर्थिक अजस्था मजवुद बनाउनु भयो ?

..........................................................................................................

१८. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछ ?

क. सरकारी ख. निजी

१९. तपाएईले निजि विद्ययालमा नै किन अध्यापन गराउनु भएको हो?

क. पठनपाठन राम्रो भएर ख. आम्दानी स्तर राम्रो भएर

ग. अरुको छोराछोरी निजी विद्ययालयमा गएको देखर घ. अन्य भए....

२० तपाईको सदस्य विदेश गएपछि तपाईले शिक्षा क्षेत्रमा कति खर्च गर्नु हुन्छ ?

क. ५-१०% ख.१०-१५% ग. १५-२०% घ.२०-२५%

२१. विप्रषणलाई कुन कुन क्षेत्रमा लगानी गर्नु भएको छ ?

क. ..........................

ख. ..........................

ग. ..........................

घ. ..........................

२२. विप्रषण लगानीबाट अवसर आम्दानी कति हुन्छ ?

क. रु.......................................

ख. रु .....................................

२३. विप्रेषण लगानी बाट आम्दानी कति हुन्छ ?

क. रु ४०,००० रु ८०००० सम्म

ख. रु ८०००० रु १००००० सम्म

ग. रु १००००० रु १२०००० सम्म

२४. विदश जानु अघि र विदेश गएपछिको शिक्षामा के अन्तर आयो ?

.........................................................................................

२५. विदेश जानु अघि र विदेश गएपछि उपभोगमा के अन्तर छ ?

.........................................................................................

२६. वैदेशिक रोजगारमा पठाउँदा कति खर्च गनु भउको छ ?

क. रु ३०,०००-५०,००० ख. रु ५०,०००-७०,०००

ग. ७०,०००-१,००,००० घ. रु १,००,००० भन्दा माथी

२७. उक्त खर्च कसरी व्यपस्था गर्नु भयो ?

क. ऋण ख. सापटी ग. जग्गा विकी घ. वचत बाट

२८. तपाईहरुको आर्थीक तथा शैक्षिक अवस्था मजवुद वनाउने प्रमुख माध्यम नै वैदेशिक रोजगारी हो ?

क. हो ख. होइन

२९. हो भने वैदेशिक रोजगारलि तपाइको आर्थिक तथा शैक्षिक अवस्थालाई कसरी मजवुत बनायो ?

.................................................................................................

३०. तपाईको आफन्त विदेश जादा कुनै समस्या पऱ्यो वा परेन ?

क. पऱ्यो ख. परेन

३१ तपाईलाई विदेश जानु पूर्व कस्तो प्रकारको समस्या आईपऱ्यो ?

.........................................................................................

३२. तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा गईसकेपछि कुनै समस्या पर्यो कि परेन ?

क. पऱ्यो ख. परेन

३३. कस्तो प्रकारको समस्या आई परेको थियो ?

......................................................................................

३४. वर्तमान समयमा तपाईहरुको आथिक, पारिवारीक र शैक्षिक पृष्ठभूमि कस्तो छ ?

क. राम्रो ख. नराम्रो

३५. राम्रो पृष्ठभूमि के छ ?

..........................................................................................

३६. राम्रो पृष्ठभूमी हुनुको मुख्य कारण के हो ?

..........................................................................................

३७. नराम्रो पृष्ठभूमि के छ ?

..........................................................................................

३८. तपाईले अफ्नो आर्थिक, पारिवारीक र शैक्षिक पृष्ठभूमीलाई बनाउन नसक्नुको कारण के हो ?

..........................................................................................

..........................................................................................

३९. वैदेशिक रोजगारीमा नजानु भएको भए तपाईहरुको आर्थिक तथा शैक्षिक पृष्ठभूमी कस्तो हुन्यो होला ?

..........................................................................................

..........................................................................................

## अनुसुचि २

### वैदेशिक रोजगारीमा समावेश भई हाल फर्किएका व्यक्तिहरुका लागि प्रश्नावलि

**(क) व्यक्तिगत विवरण :**

जिल्ला : गोरखा          गा.वि.स. : थुमी          वडा नं.....................

नाम थर ....................................          लिङ्ग : ...........

उमेर..............................

धर्म................................

वैवाहिकस्थिती............................

जात.................................

शिक्षा.........................

परिवारको संख्या................

पेशा.........................

भाषा..................

वैदेशिक रोजगारीमा गएको देश .............................

वैदेशिक रोजगारीमा काम गरेको वर्ष..........................

**(ख) पारिवारीक विवरण :**

अ. एकल          आ. संयुक्त

२. तपाईको परिवारको विवरण उल्लेख गर्नु होस् ।

| क्र. सं. | नाम | उमेर | लिङ्क | शिक्षा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३.	तपाईको परिवारको मुख्य पेशा के हो ?

क. कृषि	ख. व्यापार	ग. वैदेशिक रोजगार

घ. अन्य भए....................

४.	वैदेशिक रोजगारी भन्दा बाहेक अन्य आम्दानीको स्रोत छ ?

क. छ	ख. छैन

६.	छ भने उल्लेख गर्नुहोस.......................................

**(ग) वैदेशिक रोजगारीमा जानु अघि र पछिको अवस्था**

१.	वैदेशिक रोजगारीमा जानु भन्दा अगाडी तपाईले के पेशा ⁄व्यवसाय संचालन गर्नुहुन्यो ?

क. खेती	ख. व्यापार

ग. जागिर	घ. अन्य भए उल्लेख गर्ने.......................

२.	तपाईले उक्त व्यवसाय संचालन गर्दा गर्दै किन विदेश जानु भएको हो ?

............................................................................................

३.	वैदेशिक रोजगारमा जानु अघि तपाईको आम्दानी कति थियो ?

क. मासिक ५-१० हजार	ख. मासिक १०-१५ हजार

ग. मासिक १५-२० हजार	ग. मासिक २० हजार देखि माथि

४.	वैदेशिक रोजगारीमा जानु अघि तपाईको पारिवारीक, आर्थिक र शैक्षिक पृष्ठभूमी कस्तो थियो ?

क. राम्रो	ख. ठिकठिकै

५.	वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालयमा पढ्दथ्यो ?

क. सरकारी	ख. निजी

६.	वैदेशिक रोजगारीमा किन जानुभउको थियो ?

क. स्वदेशमा रोजगारी नपाएर

ख. सुचना तथा संचारको प्रभाव/न्युन तलब

ग. गुणस्तरयि शिक्षाको अभाव

घ. परम्परागत कृषि प्रणाली

७.	तपाईलाई विदेश जान कस्ले प्रेरित गऱ्यो ?

क. बाबु आमा	ख. साथि भाई

ग. आफन्त	घ. आफ्नै निर्णय

घ.	वैदेशिक रोजगारीको समस्या

क. वैदेशिक रोजगारीमा जानु पुर्वको समस्या

१.	तपाईलाई वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानु पूर्व कुनै समस्या आयो कि अएन ?

क. पऱ्यो	ख. परेन

२.	तपाईले कस्तो प्रकारको समस्या व्यहोर्नु भयो ?

..................................................................

३.	विदेश कुन माध्यम बाट जानु भएको हो ?

क. इजाजत प्राप्त संस्था	ख. दलाल

ग. व्यक्तिगत प्रयास	घ. अन्य

४.	तपाईसगं त्यसरी वढि रकम लिँदा लिदै पनि तपाईले सम्बन्धित निकायमा तपाईले तिरेको भन्दा बढि रकम फिर्ता पाउनु भयो ?

क. पाँए	ख. पाइन

५. तपाईले बढि रकम तिरेको थाहा हुदा हुदै पनि किन सम्बन्धित निकायमा जानकारी दिनुभएन ?

क. विदेश जान पाइदैन भनेर   ख. भने बमोजिम काम पाईदैन भनेर

ग. विदेशमा दुःख हुन्छ भनर   घ. अन्य भए.................................

६. तपाईलाई सम्बन्धित मेनपावरले भनेको समयमा पठायो ?

क. पठायो   ख. पठाएन

७. तपाई रोजगारी एजेन्सीलाई कत्तिको विश्वास गर्नु हुन्छ ?

क. गर्छु   ख. गर्दिन

८. वैदेशिक रोजगारीमा गए पछि तपाईको आम्दानी कति भयो ,

क. मासिक २०-३० हजार   ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार   घ. मासिक ५० हजार देखि माथि

९. तपाई वैदेशिक रोजगारीमा गएपछि कस्तो अनुभव गर्नु भयो ?

क. राम्रो   ख. नराम्रो

१०. वैदेशिक रोजगारीबाट तपाईलाई के फाइदा भयो ?

.........................................................................

११. वैदेशिक रोजगारीबाट के बेफाइदा भयो ?

.........................................................................

१२. तपाई वैदेशिक रोजगारीमा गएपछि तपाईको पारिवारीक आर्थिक अवस्था कस्तो परिवर्तन आयो ?

क. राम्रो   ख. नराम्रो

१३. वैदेशिक रोजगारीबाट तपाई तथा तपाईको परिवारमा कस्तो परिवर्तन भयो ?

............................................................................................

१४.	तपाई वैदेशिक रोजगारीमा गएपनि परिवारमा केही नराम्रो भयो ?

..........................................................................................

१५.	तपाईले वैदेशिक रोजगारी गएपछि सोचको कुरा कति पुरा भयो ?

..............................................................................................

१६.	कति पुरा भएन ?

.............................................................................................

१७.	वैदेशिक रोजगारीमा गए पछि बचत गर्नु भएको छ ?

क. छ		ख. छैन

१८.	वचत भए के गर्नु भएको छ ?

क. बैंकमा राखेको छु		ख. व्यवसायमा लगानी गरेको छु

ग. व्यक्तिलाई ऋण दिएको छु		घ. अन्य

१९.	तपाई रोजगार एजेन्सीबाट दुःख पाउनुभयो कि भएन ?

.................................................................................

**(ख)	वैदेशिक रोजगारमा गएपछिको समस्याः**

१.	तपाई नेपालबाट विदेश पुगेपछि तपाईलाई सम्बन्धित कम्पनिबाट समयमै लिन आएकी आएन ?

क. आए		ख. आएन

२.	समयमा नै आइपुग्दा तपाईले कस्तो अनुभव गर्नु भयो ?

.......................................................................................

३.	तपाईले कस्तो प्रकृतिको काम गर्नुभयो ?

........................................................................................

४.	वैदेशिक रोजगारीमा जानु पुर्व सम्बन्धित व्यक्ति वा निकायले भने अनुसारको काम पाउनु भयो ?

क. पाउ ख. पाएन

५. वैदेशिक रोजगारमा जानु भन्दा पहिला कुनै सपि सिक्नुभउको थियो ?

क. थिए ख. थिएन

६. यदि सिक्नुभएको थियो भने कस्तो सपि सिक्नुभएको थियो ?

..........................................................................................

७. तपाईले सिकेको सपि अनुरुप काम गर्न कत्तिको सहज भयो ?

.........................................................................................

८. तपाई काम नसिकी जाँदा कस्ता कठिनमई परे ?

.................................................................................................

९. विदेशमा रहँदा ओभर टाइम काम गर्नुभयो ?

क. गरे ख. गरिन

१०. यदि ओभरटाइम गर्नु भयो भने त्यस बापत कस्तो सुबिधा प्राप्त भयो ?

क. तलब भन्दा कम ख. तलब बराबर

ग. तलब भन्दा बढी

११. तपाईले काम गर्ने कम्पनीमा मालिक र कामदारको सम्बन्ध कस्तो पाउनु भयो ?

क. राम्रो ख. नराम्रो

१२. तपाईले राम्रो सम्बन्ध के पाउनु भयो ?

....................................................................................

१३. तपाईले नराम्रो सम्बन्ध के पाउनु भयो ?

...........................................................................................

१४. तपाईले बिदेशमा खान बस्न र सुरक्षाको स्थिती कस्तो पाउनु भयो ?

क.राम्रो ख. ठिकै ग. निम्न स्तर

घ. अन्य भए......................

१५. तलब नियमित रुपमा पाउनु भयो ?

क. पाँए ख. पाएन

१६. तपाईलाई राम्रो भाषा संस्कृति र धर्म कस्तो अप्ठ्यारो बनायो ?

……………………………………………………………………………

१७. नेपाली र अरु विदेशी सँग सँगै काम गर्दा भोगेको दुःखको बारेमा अनुभव कस्तो रह्यो ?

……………………………………………………………………………………………

१८. तपाईको देशको र तपाई काम गर्न गएको देशको सरकारले कामदारको हकहितको लागी गरेका कही कुरा बताई दिन सक्नु हुन्छ ?

……………………………………………………………………………………………

१९. तपाई गएको देशमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

……………………………………………………………………………………………

२०. खाडी राष्ट्रमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

……………………………………………………………………………………………

२१. खाडी राष्ट्रमा नेपाली महिलाले गर्ने काम कुन क्षेत्रमा सिमित छ ?

क. घरेलु क्षेत्रमा ख. होटलमा ग. कलकारखानामा

घ. अन्य भए.......

**ग. वैदेशिक रोजगारीबाट फर्किएपछिको समस्याः**

१. तपाई वैदेशिक रोजगारीबाट फर्किएपछि कुनै समस्या आइपर्‍यो कि परेन ?

क. पर्‍यो ख. परेन

२. तपाईलाई कस्तो प्रकारको समस्या आइपर्‍यो ?

……………………………………………………………………

३.	तपाईले वैदेशिक रोजगारीमा केही सिप सिकेर आउनु भयो ?

क. सिके			ख. सिकिन

४.	यदि सिक्नु भएको छ भने कस्तो सिप सिक्नु भयो ?

...........................................................................

५.	तपाईले विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नु भएको छ ?

क. छ				ख. छैन

६.	यदि उपयोग गर्नु भएको छ भने कस्तो क्षेत्रमा प्रयोग गर्दै हुनुहुन्छ ?

क. कृषि		ख. व्यापार		ग. उद्योगधन्दा

घ. अन्य भए...........

७.	छैन भने किन गर्न सक्नुभएन ?

.........................................................................................

८.	तपाई वैदेशिक रोजगार प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. सन्तुष्ट छु			ख. सन्तुष्ट छैन

९.	यदि सन्तुष्ट हुनुहुन्छ भने किन ?

.........................................................................................

१०.	यदि सन्तुष्ट हुनुहुन्न भने किन ?

.........................................................................................

## अनुसुची ३

## छलफल निर्देशिकाको खाका

१. वैदेशिक रोजगारीमा जानु अघिको पारिवारीक आर्थिक स्थिति कस्तो थियो ?

२. के आफ्नो परिवारलाई रेमिट्यान्स पठाउन थालेपछि परिवारको आर्थिक स्थितीमा फरक आएको छ ?

३. के रेमिट्यान्सवाट उत्पादन मुलक क्षेत्रमा लगानी भएको छ ?

४. के उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीवाट प्रतिफल प्राप्त भएको छ ?

५. उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीबाट कति प्रतिफल प्राप्त भएको छ ?

६. रेमिटयान्सले बालबालिकाको पढाइमा सकारात्मक प्रभाव पारेको छ ?

७. सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ?